अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४४ / २०८३ जेठ २९ गते शुक्रबार / नेपाल सम्वत ११४६ / June 12, 2026 / मूल्य रु. १०/-

## कारबाही गर्नुपर्ने व्यक्तिलाई बालेनले दिए गृहमन्त्री उपहार !

काठमाडौ । गत भाद्र २३ र २४ गते भएको घटनाको छानविन गर्न बनेको राष्ट्रिय मानवअधिकार आयोगका सदस्य लिलि थापाको संयोकजत्वमा बनेको समितिले सुधन गुरूङमाथि अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको थियो । आयोगले तत्कालिन प्रधानमन्त्री केपी ओली तत्कालिन गृहमन्त्री रमेश लेखक र तत्कालिन सूचना तथा सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरूङलाई भने भूतप्रभावित कानुन बनाएर कारबाही गर्न सिफारिस गरेको थियो ।

मानवअधिकार आयोगले नै मानव अधिकार आयोगको सिद्धान्त र विश्वव्यापी सिद्धान्तको विरूद्ध भूतप्रभावित कानुन बनाएर ओली, लेखक र गुरूङलाई कारबाही गर्न सिफारिस गरेकोमा त्यसको व्यापक विरोध मात्र भएको छैन भूतप्रभावित कानुन बनाएर कसैलाई कारबाही गर्नु भन्ने सिफारिस नै प्रतिशोधपूर्ण रहेको छ भन्दै त्यसको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# यसकारण अध्यादेश अघि नबढाउने सरकारको रणनीति

## विधेयकहरू प्रतिनिधिसभबाटै पारित गराउने दाउमा सरकार



देवेन्द्र चुडाल

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसद प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार २०८२ चैत्र १३ गते गठन भएको थियो । बालेन सरकारले वैशाख १७ गते बोलाएको संसदको अधिवेशनलाई स्थगित गरेर वैशाख २२ गते राष्ट्रपतिबाट जम्मा ८ वटा अध्यादेश जारी गराएको थियो । ती अध्यादेश वैशाख २८ गते संसदमा पेश गरिएको थियो । संसदमा अध्यादेश पेश गरेको एक महिना भन्दा बढी भएपनि सरकारले अध्यादेश स्वीकृतिका लागि कुनै कदम चालेको छैन । संसदबाट अध्यादेश स्वीकृत्त भएपछि प्रतिस्थापना विधेयक संसदमा लैजानुपर्नेमा सरकार भने नयाँ विधेयक संसदमा लैजाने छलफलमा लागि परेको जस्तो देखिएको छ ।

सरकारले वैशाख २८ गते संसदमा अध्यादेश पेश गरेको थियो । त्यसपछि अध्यादेश स्वीकृत्त गरियोस् भन्ने प्रस्ताव पेश गर्नुपर्ने थियो तर त्यो प्रक्रिया नै अघि नबढेकाले गर्दा बालेन सरकार आफैँले ल्याएको अध्यादेशहरूलाई स्वीकृत गराउन चाहिरहेको छैन । सरकारले ल्याएका अध्यादेशहरु मध्येका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धि विशेष व्यवस्था अध्यादेश २०८३, सम्वैधानिक परिषद् काम कर्तव्र्य अधिकार र कार्यविधि (पहिलो संशोधन २०८३ अध्यादेश), सम्पत्ति शुद्धीकरण मनी लाउण्डरिङ निवरण तेस्रो संशोधन २०८३, सहकारी पहिलो संशोधन अध्यादेश २०८३, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश २०८३, सार्वजनिक खरिद (दोस्रो संशोधन २०८३), विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश २०८३ रहेका छन् ।

यी नै अध्यादेशका आधारमा सार्वजनिक पदाधिकारीहरूलाई हटाइयो । विश्वविद्यालयका पदाधिकारी हटाइयो, सम्वैधानिक परिषद्को ऐन फेरियो, विश्वविद्यालय सम्बन्धी अध्योदशलाई देखाएर विश्व विद्यालयका पदाधिकारी

>>> बाँकी ८ पेजमा

## संविधान संशोधन गरौं यी प्रावधान राखौं

काठमाडौ । बालेन साह सरकारले संविधान सम्बोधन गर्न आफ्ना सल्लाहकारको नेतृत्वमा गठन गरेको समितिलाई निर्वाचन आयोगले विभिन्न सुझावहरु दिएको छ । आयोगले दिएको केही सुझावहरु राम्रा भएपछि स्थानीय तह गैरदलीय बनाउने, प्रतिनिधिसभा र प्रदेश सभाको उम्मेदवार बन्न उमेर २५ बाट घटाएर २१ गर्ने, सम्वैधानिक निकायमा प्रमुखसहित २ सदस्यमात्र राख्ने प्रत्यक्ष तर्फको निर्वाचनको प्रत्येक जिल्लाबट १/१ जना रहने गरी ७७ सदस्य र समानुपातिक तर्फबाट मुलुकभरमै गरी २८ प्रतिनिधि निर्वाचित गरेर प्रतिनिधिसभाका सदस्यहरूको संख्या जम्मा १२८ मा सिमिति गर्ने सुझाव दिएको छ ।

>>> बाँकी ८ पेजमा

## 'हामीले सिमा मिचेका छौं' भने प्रधानमन्त्री पदमा बसिरहन मिल्छ ?

काठमाडौ । गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको रास्वपाको नेतृत्वको सरकार आफ्नै कारणले संकटमा पर्दै गएको छ । बहुमतको दम्भ र प्रधानमन्त्री बालेन साहको घमण्डका कारण रास्वपा दिनप्रतिदिन संकटतर्फ धकेलिन थालेको छ । सरकार गठन भएको १०० दिन नपुग्दै सरकारको विरोध सुरू भएको छ । बालेन साह प्रधानमन्त्री भएकै दिन चैत्र १३ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई अनाहकमा पक्राउ गरियो ।

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनम भएको घटनालाई लिएर उनीहरूलाई पक्राउ गरिएको थियो । भाद्र २४ गते जेनजीहरूको नाममा

>>> बाँकी ८ पेजमा

## प्रश्न गर्ने सांसदलाई अर्थमन्त्रीको चेतावनी



काठमाडौं । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफूमाथि लागेका भ्रष्टाचारका आरोपहरूको प्रतिवाद गर्दै अनियमितता प्रमाणित भए पद त्याग गर्ने बताएका छन् । बिहीबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले प्रश्न उठाउने सांसदहरूका पुराना काण्डहरूसमेत सार्वजनिक गर्ने चेतावनी दिएका हुन् ।

अर्थ मन्त्रालयमा बसेर करका दरमार्फत निश्चित व्यापारीलाई पोसेको भन्ने आरोपको खण्डन गर्दै उनले आफूमाथि लागेको २ अर्बको आशंका निराधार रहेको दाबी गरे । उनले सार्वजनिक लेखा समितिमा समेत आफूविरूद्ध आएका समाचारहरूको खण्डन गरेको उल्लेख

>>> बाँकी ८ पेजमा

## सुकुम्बासी कष्टकर जीवन बिताउन बाध्य, सरकारले आफ्नो बचन पूरा गरेन !

काठमाडौ । जिल्ला प्रशासन कार्यालय काठमाडौले वैशाख ११ गते सुकुम्बासीका घर टहराहरूमाथि डोजर चलाउँदै टहराहरु खाली गराउन निर्देशन दिने क्रममा प्रमाणित भूमिहीनका लागि १०/१५ दिनभित्र उचित व्यवस्थापन गर्ने व्यवस्था भइरहेको बताएको थियो । तर डोजर चलाएर टहरा भत्काएको करिब ५० दिन पुग्दा पनि अहिलेसम्म खाने बस्ने व्यवस्था बाहेक सरकारले कुनै ठोस योजना ल्याउन सकेको छैन ।

प्रधानमन्त्री बालने काठमाडौ महानगरको मेयर हुँदा नै उनले सुकुम्बासी बस्तीहरु हटाउने योजना बनाएका थिए । तर त्यसबेला



उनले तत्कालिन सरकारले आवश्यक सहयोग नगरेको बताउँदै आएका थिए । अहिले तिनै बालेन प्रधानमन्त्री रहेका छन् भने उनैको निर्देशनमा सुकुम्बासी बस्तीहरूमा डोजर चलाइएको थियो ।

अहिले सरकारले नै व्यवस्था गरेको खाने, बस्ने ठाउँमा सरकारी कर्मचारीहरु जग्गा बारे बुझ्ने गरेका छन् । उनीहरूको मुलुकभरमै कहिंकतै जग्गा जमिन छ/छैन भनेर उनीहरु सुकुम्बासीहरूसँग सोधपुछ गरिरहेका छन् भने अहिले वैंक खाता खोल्न सुकुम्बासीहरूलाई निर्देशन दिंदै आएका छन् । सुकुम्बासीहरूले

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्रीमाथि संकट थपिंदै, भारत रास्वपाभित्र खेल्दै !

काठमाडौ । गत हप्ता रास्वपाका सभापति रवि लामिछानेको सम्पन्न भएको भारत भ्रमणलाई लिएर अनेक प्रकारका चर्चा परिचर्चा सुरू भएका छन् । रविलाई भारतले गरेको उच्चस्तरीय स्वागत र भारतीय प्रधानमन्त्रीसहितका अन्य नेताहरूले रविसँग गरेको भेटघाटलाई अहिले नै अनेक अर्थ लगाउनु निकै छिटो हुनसक्छ । प्रधानमन्त्री बालेन साहले भारतीय विदेश सचिवलाई भेट्न अस्वीकार गरेको हुनाले उनको नेपाल भ्रमण नै स्थगित गरेका थिए । प्रधानमन्त्री बालेन साहले आफू सरह प्रधानमन्त्री भन्दा तलका व्यक्तिसँग भेटघाट नगर्ने उद्घोष गरेपछि भारत साहसँग असन्तुष्ट रहेको छ । ठीक त्यही बेला भारतले रास्वपाका सभापति रवि लामिछानेलाई भारत भ्रमणको निम्ता दिएर



भारत भ्रमण गराउनुको रणनीति के हुन सक्छ ? रवि सभापति रहेको पार्टीका वरिष्ठ नेता बालेन साह भएपनि पार्टीमा वरिष्ठ नेताको कुनै हैसियत रहेको देखिँदैन ।

रवि भारतमा रहँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सहित गृहमन्त्री, विदेशमन्त्री र भारतीय जनता पार्टीका अध्यक्ष सहितका व्यक्तिहरूले लामिछानेसँग भेटघाट गरेका हुनाले भारत रास्वपाभित्र खेल्न चाहन्छ भने चर्चा समेत चल्न थालेको छ । भारतीयहरूले नेपाली राजनीतिक र सरकारमाथि नै खेल्न चाहान्छ भने दिल्लीले जसरी भएपनि आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै हथकण्डा अपनाउन पछि पर्दैन भने मान्यता नेपाली जनतामा परेको छ । जेष्ठ १७ गते प्रधानमन्त्री बालेन साहले

>>> बाँकी ८ पेजमा

## सुकुम्बासीलाई बीमा सेवा प्रदान गर्ने सरकारको तयारी

काठमाडौं । सरकारले काठमाडौं उपत्यकाका भूमिहीन तथा अव्यवस्थित बसोबासका नागरिकलाई दुर्घटना बीमा, स्वास्थ्य बीमा र जीवन बीमा सेवा प्रदान गर्न तयारी तीव्र पारेको छ ।

सरकारले तोकेको होल्डिङ सेन्टरमा आश्रय लिइरहेका परिवारलाई बीमा कार्यक्रममा आबद्ध गराउन आवश्यक कार्यविधि निर्माणको तयारी भइरहेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहजीकरणमा पूर्वाधार विकास मन्त्रालयले भूमिहीन तथा अव्यवस्थित बसोबासका नागरिकलाई सामूहिक तथा व्यक्तिगत दुर्घटना बीमाका साथै बालबालिकाहरूका लागि बाल शैक्षिक योजनाको समेत सुविधा उपलब्ध गराउने योजना बनाएको छ ।

>>> बाँकी ८ पेजमा

# The comfort trap

Majid Nabi Burfat

Every state makes a silent deal with its citizens: endure today, prosper tomorrow. Pakistan has been making that bargain for nearly 80 years. The tomorrow keeps moving. What changes is only the name of the lender, the size of the tranche, and the list of conditions that will, this time, finally be met. The IMF programme is not a rescue but evidence that the deal has never been honoured.

Let us be precise about what has actually been achieved. Inflation, which peaked at 38 percent in May 2023, fell sharply through 2024 and touched 0.3 percent last April, before reversing course and climbing back to 11.7 percent in May 2026. Foreign reserves, depleted to crisis lows three years ago, have recovered to $17 billion at the State Bank. The IMF programme is on track. Officials are pleased, and the relief is understandable. But there is a difference between a patient who has been stabilised and one who has been cured. Pakistan has been stabilised before, in 2001, in 2008, in 2013, in 2019. It has never quite managed the second part.

The number that reframes everything else is this: debt servicing consumed 89 percent of net federal revenue in FY2025. Not half. Not two-thirds. Eighty-nine percent, leaving 11 paise of every collected rupee for defence, pensions, development spending, education, health, and everything else the state is supposed to provide. This is not a country managing its finances under pressure. This is a country that has structurally lost the ability to govern itself, financing the present by consuming the future. Total public debt now stands at Rs 80.6 trillion, roughly 70 percent of GDP, and is still growing faster than the economy.

Against this backdrop, poverty data is not surprising but devastating. Independent estimates suggest that 105 million Pakistanis, roughly 44 percent of the population, now live below the poverty line. 27 million additional people have fallen into poverty since 2018-19. The Gini coefficient has risen to 45, the highest measured inequality in nearly three decades. These are not abstractions. They are families choosing between medicine and food, children pulled from school, entire communities contracting economically while the official narrative celebrates stabilisation.

What explains this gap between the macroeconomic story and the lived reality? The answer is structural, and it has been structural for 60 years. This is Pakistan's 24th IMF programme. The previous 23 failed to produce lasting change, not because the diagnoses were wrong, but because the political will to act on them was always rationed, always deferred, always conditional on some future moment of sufficient courage that never quite arrived.

Pakistan has a tax capacity estimated by researchers at over 22 percent of GDP. Its actual tax-to-GDP ratio, even after genuine recent improvement, stands at 12.3 percent, the highest in 25 years, and still below the 25th percentile of comparable economies. The gap between what the country could collect and what it does collect is not a revenue problem. It is a political choice, repeated across every government, protecting the same exempted interests: large landowners, powerful retailers, the informal sector that every government promises to bring into the net and none actually does.

Aristotle argued that the purpose of a state is not merely to help its citizens survive, but to enable them to live well. By that standard, Pakistan still has a long way to go. A country cannot claim genuine economic sovereignty when its future remains heavily dependent on external financing and approval. Until Pakistan can chart its own economic course, improvements in reserves and inflation will remain signs of temporary relief rather than evidence of lasting prosperity and self-reliance.

Agriculture contributes nearly a quarter of GDP and employs 40 percent of the workforce. It




contributes almost nothing to tax revenue. The World Bank estimates Pakistan could collect farm income taxes worth one percent of GDP, roughly Rs 1.2 trillion annually, if provincial governments applied rates comparable to other income earners. Instead, the tax burden falls overwhelmingly on salaried workers and documented businesses, who pay repeatedly while watching entire economic classes operate outside the system entirely. This is not reform. It is extraction dressed as fiscal policy.

The energy sector tells the same story in a different register. Circular debt in the power and gas sectors has reached Rs 4.7 trillion. Servicing it alone will cost the exchequer nearly Rs 937 billion annually through FY2028. Electricity tariffs have risen to among the highest in the region, punishing the very manufacturers and households the economy depends on, while the structural inefficiencies such as theft, technical losses, capacity payment obligations to IPPs remain largely intact. Meanwhile, a government that correctly identifies dependence on $15 billion in annual fuel imports as a strategic vulnerability has chosen to tax solar panels and electric vehicles. If that contradiction has an economic logic, it has not been publicly explained.

The asymmetry of sacrifice is what ultimately makes reform politically unsustainable. Citizens have absorbed higher utility bills, a wider GST, compressed wages, and a poverty rate that has risen 32 percent since 2018-19. The federal wage bill has grown in the same period. State-owned enterprises, power distribution companies, the steel mill and others continue to haemorrhage hundreds of billions annually, their reform perennially scheduled for next year. The state demands discipline from the documented, the salaried, and the poor while protecting the undocumented, the landed, and the connected. People notice. And when they notice, they stop believing that the programme is designed for them.

There is no publicly available national document that specifies when Pakistan intends to exit IMF dependence, what tax-to-GDP ratio it is targeting, or how the debt servicing burden will be reduced as a share of revenue. Citizens are asked to endure present pain for future gain, but the future remains unspecified. That omission is not administrative oversight. A destination creates accountability. Vagueness preserves the flexibility to defer, which in Pakistan's political economy has always been exercised in favour of those with the least to lose.

Pakistan's crisis is no longer a question of economic diagnosis. The diagnosis has been consistent for decades. The question is whether the political system possesses capacity and courage to act on what it already knows. Countries do not escape cycles of debt, poverty, and external dependence through better forecasts or larger rescue packages. They do so by confronting entrenched interests, distributing sacrifice more fairly, and defining a national economic purpose beyond the next IMF review. Pakistan has reached a point where the cost of postponing difficult decisions may exceed the cost of making them.

Aristotle argued that the purpose of a state is not merely to help its citizens survive, but to enable them to live well. By that standard, Pakistan still has a long way to go. A country cannot claim genuine economic sovereignty when its future remains heavily dependent on external financing and approval. Until Pakistan can chart its own economic course, improvements in reserves and inflation will remain signs of temporary relief rather than evidence of lasting prosperity and self-reliance.

# कर्णाली विकास बैंकमा एक लाख ग्राहकको सवा चार अर्ब निक्षेप जोखिममा

बाँके । नेपालगन्ज उपमहानगरपालिका-१५, जमुनाहाकी जनतुन निशा कवडियाले करिब दुई वर्षअघि आवश्यक परेको समयमा खर्च गर्ने उद्देश्यले तीन लाख ७७ हजार नेपालगन्जस्थित कर्णाली विकास बैंकमा बचत गरेकी थिइन् । तर, आफूलाई चाहिएको समयमा पटक-पटक बैंकमा जाँदा पनि आफ्नो रकम फिर्ता नपाएको उनले गुनासो गरिन् । रकम झिक्न मंगलबार पनि उनी कर्णाली विकास बैंकको केन्द्रीय कार्यालयमा पुगिन् । तर, उनले जम्मा १२ हजार रूपैयाँ मात्रै फिर्ता पाइन् । टाउकोको नसा फुटेपछि उपचारका लागि पति मुर्तजा कवडिया १५ दिनदेखि भारतको लखनउस्थित एक अस्पतालमा उपचाररत रहेको उनले बताइन् । सोही बैंकमा पति मुर्तजाको खातामा पनि एक लाख ३० हजार रूपैयाँ छ । तर, उपचारका लागि आवश्यक रकम बैंकले नदिएको उनले बताइन् । 'अहिले हामीलाई पैसाको सख्त जरूरत छ । उपचारमा दैनिक ५० हजार भारतीय रूपैयाँ खर्च भइरहेको छ । बैंकले दिएको १२ हजार त गाडी भाडामा ठिक्क होला,' उनले गुनासो गरिन् ।

जुम्ला कनका सुन्दरी गाउँपालिका-६, लहार्जका ८५ वर्षीय लक्ष्मीप्रसाद आचार्य पनि पैसाका लागि मंगलबार बैंकमा पुगे । तर, बैंकमा रकम नभएको भन्ने जवाफ पाएपछि उनी रित्तो हात फर्किए । दुई वर्षअघि मुद्दती खातामा १० लाख ७० हजार जम्मा गरेका उनले सबै रकम फिर्ता गरे दुई-तीन लाख रूपैयाँ छाड्नसमेत तयार रहेको बताए । 'आफ्नो रकम लिन पनि भिख मागेझैँ गर्नुपर्छ । बैंक धाएर थाकिसकेँ । अब त बैंकमा आउन पनि लाज लाग्न थालेको छ,' उनले भने, 'रकम डुब्न लागेपछि चिन्ताले जिउ गलिसक्यो । सोमबार आन्दोलनमा आएका वेला बेहोस भएर ढलेँ । पीडा सहन नसकेर आन्दोलनमा आयौँ । यो टन्टलापुर गर्मीमा कसैलाई रहर थिएन ।' वृद्धभत्ता, छोराछोरीले फलफूल किन्न दिएको रकम बैंकमा जम्मा गरेको उनले बताए । 'बुढेसकालमा उपचारलगायत तागतिलो खानेकुरा किन्न सजिलो भनेर पैसा जम्मा गरेँ । ब्याज त के साँवासमेत नपाउने स्थिति आइलाग्यो,' उनले भने ।

कर्णाली विकास बैंकमा करिब एक लाख ६ हजार निक्षेपकर्ता रहेको नेपाल राष्ट्र बैंकका उपनिर्देशक तथा बैंक व्यवस्थापन समितिका संयोजक टीकाराम खतिवडाले बताए । बैंकको जायजेथा बिक्री गरे पनि निक्षेपकर्ताको रकम असुल नहुने उनको भनाइ छ । 'बैंकको सम्पूर्ण सम्पत्ति बिक्री गर्दा पनि निक्षेपकर्ताको रकम असुलउपर हुन्न,' उनले भने । बैंकलाई बन्द गर्नुभन्दा पुनर्संरचना गरेर सञ्चालनमा ल्याउनुपर्ने उनले बताए । 'बैंक बन्द गर्ने हो भने निक्षेपकर्ताको रकम डुब्ने देखिन्छ । बरू, यसको पुनर्संरचना गरी सञ्चालन गर्ने उपाय अपनाउनुपर्छ,' उनले भने, 'पाँच लाख जम्मा गरेकाले निक्षेप फिर्ता पाए पनि त्योभन्दा माथिको रकम भएकाहरूले फिर्ता पाउने देखिँदैन ।' पीडितका अनुसार केही व्यक्तिको ८० लाखदेखि सात करोडसम्म निक्षेप बैंकमा अड्किएको छ । बैंकले करिब चार अर्ब ३० करोड रूपैयाँ निक्षेपकर्तालाई फिर्ता गर्न बाँकी रहेको उनीहरूको दाबी छ । बैंकमा निक्षेपकर्ताको करिब चार अर्ब २० करोड रहेको नेपाल राष्ट्र बैंकका उपनिर्देशक खतिवडाले पनि स्वीकार गरेका छन् । 'निक्षेपकर्ताको रकम र बैंकको सम्पत्तिको अवस्था निकै अन्तर छ,' उनले भने ।





बैंकको ०८१ पुस मसान्तसम्मको डिडिए रिपोर्टअनुसार कुल सम्पत्ति पाँच अर्ब ६७ करोड रहेकोमा दुई अर्ब ९३ करोड कर्जा प्रवह छ । कुल दायित्व भने सात अर्ब ५७ करोड रहेको उल्लेख छ । रिपोर्टअनुसार खुद सम्पत्ति एक अर्ब ९० करोड ऋणात्मक छ । १० पुस ०८१ मा केन्द्रीय बैंकको सञ्चालक समितिले कर्णाली विकास बैंकलाई समस्याग्रस्त घोषणा गरेर व्यवस्थापन नियन्त्रणमा लिएको थियो ।

न्यूनतम पुँजीकोष अनुपात कायम नभएको, निष्क्रिय कर्जा अनुपात ४०.८५ प्रतिशत रहेकोलगायतका कारणले संस्थाको वित्तीय अवस्था समस्याउन्मुख देखिएको भन्दै 'नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४' को विनियम ३ बमोजिम ११ मंसिर ०८१ देखि लागू हुने गरी शीघ्र सुधारात्मक कारबाही गरिएको थियो ।

सोही दिनबाट संस्था सञ्चालनका निम्ति बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरिएको थियो । समूहमा वित्तीय संस्था सुपरिवेक्षण विभागका उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगलकिशोर कुशवाहालाई सदस्य तोकिएको थियो ।

बैंकमा जम्मा गरेको रकम फिर्ता नपाएको भन्दै निक्षेपकर्ताले सोमबार नेपालगन्जस्थित बैंकको कार्यालय घेराउ गरेका छन् । विगत दुई वर्षदेखि आफ्नो बचत रकम फिर्ता नपाएको गुनासो गर्दै करिब तीन सय निक्षेपकर्ताले बैंक कार्यालय घेराउ गरेका हुन् । आन्दोलनमा बाँके, बर्दिया र दाङका पीडित निक्षेपकर्ताको सहभागिता रहेको थियो । व्यक्तिगत तथा संस्थागत रूपमा रकम जम्मा गरेका धेरै सेवाग्राही लामो समयदेखि रकम फिर्ता नपाएर समस्यामा परेका छन् । रकम फिर्ता नहुँदा धेरै निक्षेपकर्ता आर्थिक तथा मानसिक समस्यामा परेको जुम्लाका लक्ष्मीप्रसाद आचार्यले बताए ।

# रवि र बालेनले खोजेको परिवर्तन कस्तो हो ?



• राजन कार्की
rajan2012karki@yahoo.com

संसदमा सत्तारूढ रास्वपाको संगीत र प्रतिपक्षीको भंगीत दुबै कर्णप्रिय छैनन् । दुबैले दुबैलाई भड्काउ नीति अख्तियार गरेका छन् । जसका कारणले ३७ वर्ष शासन गर्ने पुराना दलहरूको फागुन २१ को चुनावमा गएको सातो पनि फर्कने छैन । न त फागुन २१ मा झण्डै दुई तिहाई मत हासिल गर्ने रास्वपाको कद नै उचा हुनेछ ।

प्रधानमन्त्री बालेन साह जेठ १७ गते संसदमा पुगेर बोल्ने क्रममा नेपालले पनि भारतको भूमि मिचेको आश्चर्य थाहा पाएँ भन्दै दुबै देश मिलेर सीमा समस्या समाधान गरिनेछ भनेकोमा नेपालले भारतको कुन चाहिं, कति जमिन मिच्यो भनेर प्रतिपक्षीले आधा कुरालाई राष्ट्रिय मुद्दा नै बनाइदिए । संसदमा गर्नु नगर्नुको तमासा गरेकै हुन् ।

प्रधानमन्त्री बालेन साहले पनि संसदमा पुगेर जुन कुरा जेठ २७ गते परराष्ट्रमन्त्रीको मुखबाट प्रष्टिकरण बोल्न लगाए, त्यही कुरा बोलिदिएको भए के बिग्रन्थ्यो र ? अथवा सय दिन पुगेका दिन संसदमा आएर बोल्ने छु, अहिले व्यस्त छु भन्ने कुरा कुनै मन्त्री वा सांसदमार्फत बोल्न लगाएको भए पनि केही बिग्रने थिएन ।

रास्वपा परिवर्तनका लागि चुनावमा होमियो, जनादेश पायो र सत्तामा पुग्यो । परिवर्तन गर्ने विषय संविधान संशोधनको बहसपत्रमा आउला, सडक र संसदमा छलफल भएर निर्णयमा पनि पुग्ला । त्यतिञ्जेल यही संविधानमा टेकेर चल्नुपर्ने छ, चल्ने हो भने किन अहंकार प्रदर्शन गर्ने ? न सत्तापक्ष, न प्रतिपक्ष दुबैले जितको अहंकार र हारको आक्रोश देखाउन जरूरी थिएन, जुन संसद र सडकमा देखिनेक्रम जारी छ ।

त्यसै पनि बालेन सरकारले सुकुमवासी समस्या र भूमिहीनहरूलाई गिजोलेको छ । फास्ट ट्र्याकबाट तिनीहरूको व्यवस्थापन गरिदिन शक्तिशाली सरकारलाई कसले रोकेको छ । बाँकी विविध नियुक्ती, संवैधानिक निकायको परिपूर्ति र बजेटको सूचना चुहाएको समेत आरोप छ । कतिपय मामिलामा सरकार र रास्वपा पार्टीवीच नै मतभेद देखिन घटनाक्रम पनि चलेकै छन् । रास्वपाले पाँच वर्ष शासन गर्ने जनादेश पाएको छ । प्रतिपक्षीको काम बिरोध गर्ने हो गरिरहेका छन् । जनादेशअनुसारको काम देखिन सकेको छैन ।

निश्चित रूपमा प्रधानमन्त्रीले काम गर्ने शैलीमा परिवर्तन ल्याएका छन् । प्रधानमन्त्रीको बेडरूमसम्मको बिचौलियाको पहुँचलाई तोडिदिएका छन् । विश्वविद्यालयदेखि कर्मचारीतन्त्रसम्ममा पार्टीकरणको जरोकिलो उखेलिदिएका छन् । तथापि आमसमुदायले पाउनैपर्ने शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा सुधार भइसकेको छैन । परिवर्तनको एजेण्डासहित सत्तामा पुगेको दललाई असफल हुने छुट छैन । यो सत्ता पनि असफल भयो भने फेरि अराजकता र अस्थिरता बढ्नेछ । गर्न चाहेको के हो, जनताले खोजेको कस्तो परिवर्तन हो, रास्वपाले दिने चाहिं के हो ? केही पनि प्रष्ट भइसकेको छैन । एकप्रकारणले नेपाली राजनीतिमा अन्यौल बढेको छ, रास्वपा र सरकारले अन्यौल बढाएको छ । यो अन्यौलताको अन्त्य हुनुपर्छ छिटो । रास्वपाका सभापति रवि लामिछानेले भनेका थिए– आमा, हामीलाई विश्वास गर्नोस्, बालेनले देश बनाउँछ । देश बनाउने जग कता हो ? सय दिन पुग्न लाग्यो, अब नतिजा देखिनुपर्छ । नतिजाले मात्र प्रतिपक्षीले बालेको आगो निभ्नसक्छ ।

भन्नलाई प्रम बालेनले एकवर्ष सुशासनमा लाग्ने, विदेश भ्रमण नगर्ने बताएपछि सभापति रवि लामिछानेलाई भारत भ्रमणमा निम्त्याइयो । एउटा पार्टी सभापतिलाई रेड कार्पेट, प्रधानमन्त्री, प्रधानमन्त्रीका विशेष सल्लाहकार, परराष्ट्रमन्त्री सबैले भेट गरे, वान टु वान वार्ता गरे, नेपाल–भारतवीच रहेका सबै समस्यालाई समाधान गर्ने र विकास साझेदारका रूपमा अघि बढ्ने निधो गरे, यो विश्वमै दुर्लभ दृश्य हो । तर जेठ २७ गते प्रतिपक्षीले प्रश्न गरेका छन्– कालापानीको क र सीमा स सम्मको उठान किन हुनसकेन । भन्नलाई ढोल पिटेर सीमा समस्या समाधान हुँदैन भन्ने, संवादसमेत गर्न नसक्नुको कारण के हो ? सत्तापक्ष मौन छ, सत्तापक्ष जिब्रो तालुमा टाँसेर बसेको छ ।

मौन बस्नु सफलता होइन । मौनता परिवर्तन होइन ।

निश्चित रूपमा, ३७ वर्षको कालखण्डमा भारत जान हतारिने, भारतका जुनसुकै नेता आए पनि लामलागेर भेट्ने चलन थियो । त्यो क्रमभंगता भएको छ, बराबरीको हैसियत बल्ल देखिएको छ । भारतका विज्ञहरू भन्छन्– नेपालले सम्बन्ध व्यवस्थि तगर्न र बिगतका कमजोरी करेक्शन गर्न खोजेको छ । केही विश्लेषकका अनुसार प्रम बालेनले जानाजान बोलेका हुन्, उनले तुरूपको एक्का नै फालेर सार्वभौमिकताको महत्व स्थापित गरेका छन् ।

हुन त पहिलोपल्ट नेपालले पठाएको कूटनीतिक नोटको तत्काल भारतले जवाफ दियो । नेपालले पनि तेश्रोपक्ष खोजेको होइन, १८१६ को सम्झौताले उठाएको समस्या समाधान गर्ने कागजातको पहुँच खोजेको भनेर प्रष्टिकरण दिने अवसर पायो । नेपाल भारतवीच अनेक संयन्त्र थिए, जो सुसुप्त थिए, ती सबै बालेनको अभिव्यक्तिपछि सकृय भएका छन् । जे जति सीमा समस्या छन्, दशगजा अतिक्रमण अथवा यताकाले उता र उताकाले यता खेतीपाती गरिरहेका छन्, सबै समस्या संवाद, सहमति र सहकार्यबाट समाधान हुने विश्वास सरकारले संसदलाई गराएको छ ।

प्रम बालेनले भनेका छन्, म काम गर्न आएको हुँ । मलाई मेरो देश प्यारो छ । मर्न तैयार छु, झुक्दिन । झुक्छ भनेर नचिताए पनि हुन्छ । विपक्षीको तीब्र प्रहार देख्नेहरू विश्लेषण गर्दैछन्– बालेनले देश बनाउँछन् कि ३ महिनामै हराउँछन्, सडक र संसदमा प्रतिपक्षीले गरेको उग्रविरोधले अनेक प्रश्न उठाएका छन् । बालेन सही छन् र बालेन देश घातक हुन् भन्ने दुई धार राजनीतिक धरातलमा जमजमाइरहेका छन् । हो दुई तिहाईको सरकारलाई ५ वर्ष कुनै विपक्षीले हल्लाउन सक्ने देखिदैन । तर राष्ट्रघाती भनेर अपमानको अगेनामा डढाउँदा डढाउँदै बालेन साह कालाम्मे हुने खतरा पनि छ । केही संविधानविददेखि थिङ्कटेंकहरू भनिरहेका छन्– प्रम बालेन साह युवा छन्, युवामा हुने अनेक दुर्गुणहरू उनमा छन्, तर बालेनको नियत सफा छ ।

सभापति रवि लामिछानेलाई भारतले निम्त्याएर रेड कार्पेट नै बिछ्यो । भार सरकारसँग विशेष महत्वको वार्ता गरेर फर्किएका रास्वपा सभापतिबाट भारतसँग सधैं शिर निहुराउने, लम्पसार पर्ने बिगतका पार्टी, नेताहरू आश्चर्यमा परेका छन् । यो घटनाले नेपाल र भारतवीच सम्बन्धको नयाँ श्रृंखला सुरू भएको देखिन्छ ।

फागुन २१ अघि एक चुनावी सभामा सभापति रवि लामिछानेले भनेका थिए 'आमा, बालेनले देश बनाउँछ । रविको त्यो आत्मविश्वासलाई विश्वास गरेर जनताले चुनावमा भोट खन्याइदिए । रास्वपा चमत्कारिक रूपमा चुनावी परीक्षामा उत्तीर्ण भयो । स्थापित नेता र पार्टी किनारामा पुगे । नेपाली राजनीतिमा यो घटना ऐतिहासिक हो । यो ऐतिहासिकतामा विपक्षीले अनेक प्रश्न उठाएर आक्षेप लगाइरहेका छन्, त्यसको जवाफमा रास्वपा र बालेन सरकारले जनप्रिय काम गरेर देखाउनु पर्ने हो । नतिजामुखी सरकारको नियति देखिदैन ।

बिगत ३७ वर्षमा जे हुनु नहुनु भयो, नीति, निष्ठा, नैतिकता, सिद्धान्त स्खलित हुँदै हुँदै नाङ्गेझार भइसकेको बहुदल, लोकतान्त्रिक गणतन्त्रलाई जनताले परास्त गरिदिएकै । यसरी चल्दैन भनेकै हुन् । रास्वपाको लक्ष्य शान्ति, सुशासन, समृद्धि, स्थिरता नै थियो । नयाँ गतिमान डिपार्चर लिएर सत्तामा पुग्यो । रास्वपा सत्तामा पुग्नुको अन्तर्य भनेको सेवाग्राहीलाई डेलिभरी नै थियो । डेलिभरी भनेजस्तो हुनसकेको छैन ।

हो, आमजनतालाई यो जोडीको आत्मविश्वास मन पर्‍यो । रविको राजनीतिक सुझबुझ र बालेनको कार्यशैली गजबैको छ । रवि र बालेनप्रति युवा आकर्षण व्यक्तिको उदयभन्दा पनि जनता परिवर्तन चाहन्छन्, परिवर्तनका लागि जनतामा विद्यमान छटपटीको पराकाष्ठा थियो । जुन परिणाम फागुन २१ को चुनावले दियो । अब त्यो परिणाम जनजीवनमा देखिनुपर्ने हो, सय दिन पुग्न लागिसक्यो सरकार, देखिएको छैन ।

राजनीतिको परिदृश्य नै बदलियो, जनताका असन्तुष्टि सन्तुष्टिमा बदलिएको छैन ।

लोकप्रियतावाद मेयरको चुनावदेखि आमचुनावमा पनि बढ्यो । यो लोकप्रियतावाद सुशासनमा रूपान्तरण हुनुपर्छ । भएको छैन । दृश्यमा राजनीतिदेखि कूटनीतिसम्म प्रभाव देखिन्छ, त्यो प्रभाव जनताको दैनिकीदेखि राष्ट्रको सार्वभौमिकतासम्म देखिनुपर्छ । विधिको शासन स्थापित हुनुपर्छ । नेपोटिजमको अन्त र योग्यताको कदर हुने विश्वास जाग्नुपछृ ।

नागरिकलाई परिणाम खोजेका हुन्, पाउनैपर्ने नागरिक हक र सेवामा सहजता देखिनुपर्छ । करको सदुपयोग भएको हुनुपर्छ र भ्रष्टहरू दण्डित हुनुपर्छ भन्ने नै हो । नागरिक यही अपेक्षा सुशासन हो । सुशासन दिन्छु भन्ने रास्वपाको कबुल छ, करार पनि छ । बालेनले परिणाम दिन्छन्, बालेनलाई सबैले सघाउनु पर्छ । परिवर्तन र नयाँपनको झल्का छ, झिल्का छ, उजेलिएको छैन ।

रास्वपाले भनेकै हो 'हामी सक्छौं' । गरेर देखाउ, समय छैन, समय घर्केपछि जसरी आज विपक्षीले पुर्पुरोमा हात राखेका छन्, त्यसैगरी पछुताउनुको बिकल्प हुनेछैन । आजेको एकमात्र एजेण्डा भनेको राष्ट्र कस्तो बनाउने, देशवासीलाई कुन कुन अवसर दिने, अस्तित्व रक्षा कसरी गर्ने ? युवाले रोजगारी कसरी पाउनेछन् ? समानता र क्षमताको कदर हुन्छ कि हुन्न ? दण्ड र पुरस्कारको प्रवन्ध के छ ? नैतिकहीनलाई दण्ड र सभ्य समाजको सिर्जना गरिन्छ कि गरिदैन ? यस्ता अनेक प्रश्नहरू छन्, जुन प्रश्नहरू रास्वपा र बालेन सरकारका सामु उभिएका छन् । उत्तर वैचारिक सोच राजनीति हो, राजनीतिले उत्तर खोजेको छ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

## मानवअधिकार आयोगले नै भूतप्रभावी कानुन बनाएर कारबाही गर भन्नुको अर्थ के ?

*गत भाद्र २३ गते र २४ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र २४ गते भएको विध्वसात्मक कार्यको छानविन गर्न गठन भएको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन विवादको घेरामा परेको छ। झण्डै ९ महिना लगाएर तयार पारि सरकारलाई बुझाएको प्रतिवेदनमा उल्लेख गरिएका कतिपय विषयहरूलाई पत्याउन सक्ने आधार देखिएका छैनन्। मानव अधिकार आयोगका सदस्य लिलि थापाको संयोजकत्वमा समिति गठन भएको थियो। सो समितिले तयार पारेको प्रतिवेदन लामो समयसम्म सरकारलाई नबुझाएर त्यत्तिकै दराजमा थन्क्याउनु र आयोगले नै भूतप्रभावी कानुन बनाउन सरकारलाई सिफारिस गर्नुको रहस्य के हुन सक्छ ? आयोगले नै भूतप्रभावी कानुन बनाएर तत्कालिन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र तत्कालिन सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङ समेतलाई कारबाही गर्न सिफारिस गर्नु नै बद्नितपूर्ण रहेको देखिन्छ। तत्कालिन अवस्थामा रहेको कानुन अनुसार कारबाही गर्न सिफारिस गर्नुपर्नेमा भूतप्रभावी कानुन बनाएर कारबाही गर्न सिफारिस गर्नुले भविष्यमा सरकारले त्यस्तो कानुन बनाएर पहिला भएका घटनामा संलग्न भएका व्यक्तिहरूलाई कारबाही गर्ने बाटो आयोगले नै खोलिदिएको हुनाले मानव अधिकार आयोगको विश्वसनियता माथि नै प्रश्न उठेको छ।*

*भूतप्रभावी कानुन बनाएर कारबाही गर्ने आयोगको सिफारिस संविधान र स्थापित कानुनको सिद्धान्त विपरित रहेको छ। घटनामा को को संलग्न थिए भने सम्म आयोगले प्रष्ट पार्न सकेको छैन। सिंहदरबारमा आगजनी हुँदा सिंहदरबार भित्रै नाँचगान गर्ने र 'देखिस् ओली तेरो सिंहदरबार जलायौँ' भन्ने व्यक्तिहरूले भिडियो नै बनाएर सार्वजनिक गरेका भएपनि आयोगले त्यो देखेन ? बालबालिकालाई घेराबन्दी गरी भीडमा लैजाने र पानी बाँड्न आएको बताउने सुधन गुरुङ र टीओबी ग्रुपलाई समेत लिलि थापाको समितिले देखेन। सिंहदरबारमा आगजनी गर्दै 'बल्ल पऱ्यो माकुरी जालैमा' भन्दै नाचगान गर्ने तोसिमा कार्की सहितका रास्वपाका केन्द्रीय सदस्यहरू र त्यसबेलाका केही सांसदहरूलाई समेत थापा समितिले देखेन। सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवास र व्यापारिक भनवहरूमा आगजनी गर्नेहरूले नै भिडियो बनाएर सार्वजनिक गरेका थिए तर त्यो समेत थापा समितिले देखेन।*

*भाद्र २७ गते भन्दा अगाडि नै तत्कालिन काठमाडौं महानगरका मेयर बालेन साहले सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए। सिंहदरबारमा आगजनी भयो त्यो सम्म समितिले देखेन। भाद्र २४ गते सिंहदरबारको मूलगेटमा सुरक्षामा खेटिएका नेपाली सेनाले किन आगजनी गर्न सिंहदरबारभित्र पस्न लागेको व्यक्तिलाई रोक्ने प्रयास सम्म गरेनन् ? त्यस विषयमा थापा समिति किन मौन रह्यो। भाद्र २४ गते बेलुका नै बालेन साहले अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर किन आन्दोलनकारीहरूलाई निर्देशन दिए ? साहको निर्देशनपछि मात्र सुधन गुरुङ सहितका व्यक्तिहरूले प्रधानसेनापतिसँग वार्ता गरेका थिए। यी सबै तथ्यहरूले प्रष्ट हुन्छ तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई बैधानिक रुपले हटाउन नसकिने अवस्था देखेपछि षड्यन्त्रकारीहरूले नै षड्यन्त्र गरेर उपद्रो मच्चाएका थिए भनेर। स्कुले भाईबैनीहरूलाई २३ गतेका विरोध प्रदर्शनपछि किन उनीहरूलाई आ-आफ्नो घर जान नदिएर छेकवार गर्दै संसद भवनमा विरोध प्रदर्शनमा सहभागि गराइयो भने संसद भवनको ढोका भत्काउने व्यक्तिहरू को को थिए भनेर थापा समितिले त्यसको छानविन समेत गरेन। त्यसबेला नेपाली सनोले किन सिंहदरबारमा सुरक्षा दिएन ? त्यस विषयमा खोई अनुसन्धान ?*

*मानव अधिकार आयोगले नै भूतप्रभावी कानुन बनाएर केपी ओली सहितका केही व्यक्तिहरूलाई कानुनी कारबाही गर्न सिफारिस गर्नु भनेको सरकारलाई भुतप्रभावी कानुन बनाउन बाटो खोलिदिनु हो। मानव अधिकार आयोगले तत्कालिन बहाल रहेका कानुन अनुसार कारबाही गर भन्नुको सट्टा भूतप्रभावी कानुन बनाएर कारबाही गर भन्नु कानुनी राज्यको ध्वज्जी उडाउनु बाहेक अन्य केही हुन सक्दैन। तत्कालिन प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखक लगायतका केही व्यक्तिहरूलाई फसाउनैका लागि षड्यन्त्रमूलक ढँगले थापा समिति प्रयोग भएको प्रष्ट रुपमै देखिन्छ। भाद्र २३ र २४ गतेको घटनामा ओली, लेखक र तत्कालिन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रत्यक्ष संलग्नता नरहेको भएपनि उनीहरूलाई प्रतिशोध साँध्ने मनसायले कारबाहीको सिफारिस गरिनु, तर जेलबाट भगाइएका रवि लामिछानेसहित सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने बालेन साह, पानी बाँड्न आएको भनेर ढाँट्ने तर कार्यक्रम आयोगक रहेका सुधन गुरुङ, टीओबी ग्रुपका बारेमा नबोल्ने लिलि थापाको समितिले किन यस्तो षड्यन्त्र गऱ्यो ? त्यसको वास्तविकता त खुल्दै जाला। आयोगले तयार पारेको प्रतिवेदन र सरकारलाई बुझाएको प्रतिवेदनमा पनि केही फरक रहेको हुनाले तत्काल उक्त प्रतिवेदन सार्वजनिक गरिनु पर्दछ भन्ने हाम्रो माग रहेको छ।*

# सीमाको संवेदनशीलता, नेतृत्व र अन्धसमर्थनको संकट

**अर्जुन पौडेल**

त्यसै भनिएको होइन 'आलोचकहरु सचेतक हुन् भने अन्ध प्रशंसकहरु बर्बादीका कारक हुन् । लोकतन्त्रमा आलोचना विरोध होइन, त्यो नेतृत्वलाई मर्यादामा राख्ने चेतावनी हो । विशेषतः राष्ट्रिय सीमा, स्वाधीनता र कूटनीतिक सम्बन्धजस्ता संवेदनशील विषयमा आलोचना झन् आवश्यक हुन्छ । तर, जब कुनै नेता वा नेतृत्वको लोकप्रियतालाई तर्कभन्दा माथि राखिन्छ, जब कार्यकर्ता र समर्थकको भिडले हरेक गल्तीलाई उपलब्धि घोषणा गर्छ, तब नेतृत्व क्रमशः वास्तविकता र यथार्थको धरातलबाट टाढिन्छ । अहिले प्रधानमन्त्री बालेन्द्र शाहको सीमासम्बन्धी अभिव्यक्तिपछि देखिएको बहसले यही गम्भीर प्रश्न उठाएको छ । राष्ट्रियताको विषयभन्दा बालेनलाई सही साबित गर्न समर्थक भारतको जमिन नेपालबाट मिचिएको प्रमाण खोज्दै हिंड्नुभन्दा लज्जास्पद अरु के हुन सक्ला र ?

नेपाल-भारत सीमा विवाद केवल आजको राजनीतिक उत्तेजना होइन । यसको ऐतिहासिक जरा सन् १८१६ को सुगौली सन्धिसम्म पुग्छ । सो सन्धिले कालीनदीलाई नेपालको पश्चिमी सीमा मानेको थियो । तर, कालीनदीको वास्तविक मुहान कहाँ हो भन्ने व्याख्यामा नेपाल र भारतबिच फरक मत रहँदै आएको छ । नेपालले लिम्पियाधुरालाई कालीनदीको मुहान मानेर लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूभाग भएको दाबी गर्दै आएको छ । भारतले भने फरक व्याख्या प्रस्तुत गर्दै आएको छ । त्यसैले, यो विषय केवल नक्साको रेखा होइन, इतिहास, भूगोल, नदी, पुराना अभिलेख, सुरक्षा रणनीति र राष्ट्रिय स्वाभिमानसँग जोडिएको महत्वपूर्ण प्रश्न हो ।



यस्तो जटिल विषयमा राष्ट्रका कार्यकारी प्रमुखले बोल्ने भाषा सामान्य नागरिकको भावुक अभिव्यक्तिजस्तो हुनुहुँदैन र हुन सक्दैन पनि । प्रधानमन्त्रीको बोली राज्यको संकेत हो । संसद्मा बोलिएको वाक्य सडकको नारा होइन, त्यो छिमेकी देशको विदेश मन्त्रालय, दूतावास, वार्ता टेबल र अन्तर्राष्ट्रिय कूटनीतिक अभिलेखसम्म पुग्ने औपचारिक सन्देश हो । त्यसैले, 'भारतले मात्र होइन, नेपालले पनि भारतको भूमि मिचेको रहेछ' भन्ने आशयको अभिव्यक्ति, यदि प्राविधिक सन्दर्भमै भनिएको भए पनि गम्भीर सावधानी माग्ने विषय हो । सीमा व्यवस्थापनमा दशगजा, हराएका सीमा स्तम्भ, नदीको धार परिवर्तन, स्थानीय बस्ती र खेतीयोग्य जमिनका कारण केही प्राविधिक जटिलता हुन सक्छन् । तर, यस्ता विषयलाई प्रधानमन्त्रीले संसद्मा 'नेपालले पनि भारतको सीमा मिचेको' स्वीकारोक्तिजस्तो सुनिने गरी प्रस्तुत गर्नु कूटनीतिक परिपक्वता होइन । यो त राजनीति र कूटनीतिको कमजोर उपस्थिति हो ।

यहाँ समस्या केवल प्रधानमन्त्रीको अभिव्यक्ति मात्र होइन, त्यसपछि देखिएको अन्ध समर्थनको मनोविज्ञान पनि हो । नेताले गल्ती गरेपछि समर्थकको पहिलो कर्तव्य आफ्ना नेताको गल्ती ढाकछोप गर्नु होइन, त्यसलाई सच्याउन दबाब दिनु हो । तर, हामीकहाँ उल्टो दृश्य देखिन्छ । कुनै नेताले असावधानीपूर्वक बोले भने समर्थकहरु तुरुन्त इतिहास खोतल्न थाल्छन्, आधा-अधुरा कागज, पुराना टिप्पणी, अप्रमाणित लेखोट, सामाजिक सञ्जालका पोस्ट र चिया पसलका तर्कलाई प्रमाणका रूपमा प्रस्तुत गर्न थाल्छन् । गल्ती स्विकारेर सुधार्नुपर्ने ठाउँमा गल्तीलाई महान् दूरदर्शिता बनाउने प्रयास हुन्छ । यही प्रवृत्ति लोकतन्त्रका लागि सबैभन्दा खतरनाक छ ।

सन् २०२० को उदाहरणले देखाउँछ, सीमा प्रश्नमा राष्ट्रिय एकता कति आवश्यक हुन्छ । भारतले लिपुलेक हुँदै सडक उद्घाटन गरेपछि नेपालमा व्यापक असन्तुष्टि देखियो । त्यसपछि केपी ओली सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समेटेर नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा जारी गऱ्यो र संसद्बाट संविधान संशोधनमार्फत त्यसलाई राष्ट्रिय प्रतीकमा समावेश गऱ्यो । त्यतिखेर दलहरु फरकफरक विचार र सिद्धान्तका भए पनि राष्ट्रहितमा साझा अडान देखियो । तर, नक्सा जारी गर्नु मात्र अन्तिम समाधान थिएन, नक्सा दाबी नै गरिएको थियो, जसका लागि निरन्तर प्रमाण संकलन, उच्चस्तरीय वार्ता, संयुक्त प्राविधिक अध्ययन, कूटनीतिक दृढता र राष्ट्रिय एकताजस्ता कुरा समेटिएका थिए ।

यहीँनेर नेतृत्वको असली परीक्षा हुने हो । राष्ट्रवाद चर्को आवाज होइन, संयमित शक्ति हो । भारतविरोधी भाषण गरेर मात्र नेपाल बलियो हुँदैन, तर भारतसँगको मित्रताका नाममा आफ्नै दाबी कमजोर बनाउने भाषा प्रयोग गरेर पनि नेपाल सुरक्षित हुँदैन । नेपालले भारतसँग संवाद गर्नुपर्छ, तर संवादमा जाने राज्यले आफ्नो तथ्य, अभिलेख र भाषा स्पष्ट राख्नुपर्छ । कूटनीति भनेको नझुक्ने कला मात्र होइन, नचिप्लिने कला पनि हो । नेतृत्वले भावनालाई नीति, आक्रोशलाई प्रमाण र लोकप्रियतालाई संस्थागत उत्तरदायित्वमा रूपान्तरण गर्न सक्नुपर्छ ।

नेपाल-भारत सम्बन्ध अत्यन्त बहुआयामिक छ । खुला सीमा, रोजगारी, व्यापार, धार्मिक-सांस्कृतिक सम्बन्ध, नदी, ऊर्जा, सुरक्षा र जनस्तरको सम्बन्धले दुवै देशलाई दैनिक रूपमा जोडेको छ । त्यसैले, सीमा विवाद समाधान गर्न युद्धको भाषा होइन, गम्भीर कूटनीतिक भाषा चाहिन्छ । तर, कूटनीतिक भाषा कमजोर, अस्पष्ट वा आत्मघाती हुन मिल्दैन । सानो राष्ट्रको शक्ति हतियारमा मात्र हुँदैन, उसको शक्ति ऐतिहासिक वैधता, कानुनी स्पष्टता, जनएकता र नेतृत्वको सावधानीमा हुन्छ ।

अहिले देखिएको अर्को समस्या बौद्धिक वर्गको मौनता वा सुविधाजनक तर्क हो । समाजका लेखक, अभियन्ता, विश्लेषक र विचारकको दायित्व सत्ताको भाषा दोहोऱ्याउनु होइन, गल्ती भए सचेत गराएर सच्याउन दबाब दिनु हो । यदि सीमासम्बन्धी नेतृत्वको असावधानीलाई पनि 'नयाँ सोच', 'साहसी स्वीकारोक्ति' वा 'प्राविधिक यथार्थ' भनेर बचाउ गर्न थालियो भने बौद्धिकताको अर्थ नै कमजोर हुन्छ । गलतलाई गलत भन्न किन्तु, परन्तु, यद्यपि आवश्यक पर्दैन । देशको सीमा र स्वाधीनताको सवालमा अस्पष्टता देखिँदा स्पष्ट रूपमा भन्नुपर्छ । यो अभिव्यक्ति गलत थियो, यसलाई सच्याउनुपर्छ र राज्यले भविष्यमा यस्तो विषयमा संस्थागत भाषा मात्र बोल्नुपर्छ ।

उदाहरणका लागि सुस्ता विवादलाई नै हेर्न सकिन्छ । त्यहाँ नारायणी नदीको बहाव परिवर्तन, स्थानीय बसोवास, खेतीयोग्य जमिन र सीमास्तम्भसम्बन्धी जटिलता विद्यमान छन् । यस्ता विषयलाई 'नेपालले भारतको भूमि मिच्यो' वा 'भारतले मात्र सबै मिच्यो' भन्ने सरल नारा बनाएर बुझ्न सकिँदैन । प्राविधिक समस्या प्राविधिक भाषामै समाधान गर्नुपर्छ । तर, कालापानी, लिपुलेक र लिम्पियाधुराजस्तो ऐतिहासिक-सन्धिगत विवादमा नेपालले राख्दै आएको राष्ट्रिय दाबीलाई कमजोर पार्ने गरी कुनै पनि सरकारी अभिव्यक्ति आउनुहुँदैन ।

भविष्यका लागि नेपालले केही स्पष्ट कदम चाल्नुपर्छ । पहिलो, सीमासम्बन्धी सबै ऐतिहासिक नक्सा, सन्धि, अभिलेख, मालपोत कागजात, जनगणना र स्थानीय प्रमाणलाई एकीकृत राष्ट्रिय दस्तावेज बनाउनुपर्छ । दोस्रो, सीमाविज्ञ, इतिहासकार, नापीविद्, कूटनीतिज्ञ, सुरक्षा विज्ञ र स्थानीय प्रतिनिधि सम्मिलित स्थायी सीमा आयोगलाई सक्रिय बनाउनुपर्छ । तेस्रो, प्रधानमन्त्री वा मन्त्रीको व्यक्तिगत भाषणभन्दा परराष्ट्र मन्त्रालय र आधिकारिक संयन्त्रबाट मात्र संवेदनशील सीमासम्बन्धी भाषा सार्वजनिक गर्नुपर्छ । चौथो, भारतसँग निरन्तर द्विपक्षीय वार्ता र चीनसँग स्पष्ट कूटनीतिक सन्देश राख्नुपर्छ, किनकि लिपुलेकको विषय नेपाल र भारतले मात्र होइन, भारत-चीन समझदारीले पनि प्रभावित गरेको प्रश्न हो । पाँचौँ, सामाजिक सञ्जालको भिडलाई राष्ट्रनीतिको विकल्प बन्न दिनुहुँदैन ।

प्रधानमन्त्री बालेन्द्र शाहको उदयले नेपाली राजनीतिमा नयाँ पुस्ताको आकांक्षा, पुराना दलप्रतिको वितृष्णा र परिवर्तनको अपेक्षा बोकेको पक्का हो । तर, नयाँ हुनु आफैँमा पर्याप्त छैन । नयाँ नेतृत्व पुरानोभन्दा झन् परिपक्व, झन् अध्ययनशील र झन् उत्तरदायी हुनुपर्छ । पुराना नेताले पनि त गल्ती गरेका थिए नि भनेर नयाँ नेताको गल्ती माफीयोग्य हुँदैन । राष्ट्रको सीमा कुनै नेताको प्रयोगशाला होइन, न त समर्थकको भावनात्मक अभ्यास गर्ने मैदान हो ।

यो बहस बालेनको पक्ष वा विपक्षको होइन, नेपाल पक्षको हो । आलोचकलाई गाली गरेर, प्रश्न गर्नेलाई देशविरोधी बनाएर र समर्थकको तालीलाई सत्य मानेर राष्ट्र चल्दैन । राष्ट्र चलाउन प्रमाण चाहिन्छ, संयम चाहिन्छ, संस्थागत स्मृति चाहिन्छ र गल्ती स्विकार्ने साहस चाहिन्छ । नेता लोकप्रिय हुन सक्छ, तर राष्ट्र लोकप्रियताभन्दा माथि हुन्छ । सरकार बदलिन्छ, अनुहार बदलिन्छ, नारा बदलिन्छ तर सीमा, स्वाभिमान र सार्वभौमिकता बदलिने विषय होइनन् । त्यसैले, आजको मुख्य सन्देश स्पष्ट छ- आलोचकलाई सुन्ने नेतृत्व राष्ट्रका लागि वरदान हो, अन्ध प्रशंसकबाट घेरिएको नेतृत्व राष्ट्रका लागि खतरा हो । सीमा विवादमा नेपाललाई आक्रोशभन्दा विवेक, नाराभन्दा प्रमाण र व्यक्तिपूजाभन्दा राष्ट्रपूजा आवश्यक छ । गलतलाई गलत भन्न सक्ने समाजले मात्र सही नेतृत्व निर्माण गर्न सक्छ । *-नयाँ पत्रिका*

# संविधान संशोधन बहसपत्रका आधारभूत सरोकार

जेबी विश्वकर्मा

वालेन्द्र शाह नेतृत्वको सरकारले चैत १६ मा प्रधानमन्त्रीका सल्लाहकार असिम शाहको नेतृत्वमा संविधान संशोधनको बहसपत्र निर्माणसम्बन्धी कार्यदल गठन गर्‍यो । कार्यदलले संविधान संशोधनका विविध विषयमाथि छलफल गरिरहेको छ, तथापि प्रश्न उठेका छन्– 'संविधान संशोधन बहसपत्र' को आवश्यकता र औचित्य के हो ? बहसपत्रको निर्माण संविधान संशोधनका एजेन्डा पहिचान गरी बृहत्तर बहस गराउनु हो ? यदि त्यसो हो भने त्यस्तो बहस कसरी हुन्छ, कहाँ गराइन्छ ? यस्ता बहसबाट कस्तो परिणामको अपेक्षा गरिएको हो ? यस्ता आधारभूत प्रश्नको स्पष्ट जवाफ र दृष्टिकोणबिना बन्ने बहसपत्र कस्तो होला ? यस्तो बहसपत्रले संविधान संशोधनमा कसरी भूमिका खेल्ला ? यस्ता अनगिन्ती प्रश्नकै बीच कार्यदलले सरोकारवालाबीच परामर्श गरिरहेकै छ ।

संविधान संशोधनको बहसपत्र तयार गर्दा संविधान निर्माणका क्रममा भएका निकै ठूलो राजनीतिक रस्साकसीको पनि स्मरण गर्नुपर्ने हुन्छ । मूलतः राज्यको शासकीय स्वरूप, संघीयता, निर्वाचन प्रणाली र धर्मनिरपेक्षताका सन्दर्भमा निकै पेचिलो शक्ति–संघर्ष भएको थियो । त्यतिबेला फरक–फरक राजनीतिक–सामुदायिक समूहले आ–आफ्ना अडान राखेका थिए । राजनीतिक असमझदारीकै बीचबाट नयाँ संविधान जारी भएको थियो । ती असहमतिका स्वरहरु बेलाबखत सार्वजनिक मञ्चमा प्रकट हुँदै आइरहेका छन् । संविधान संशोधनको बहसपत्रमा ती मुद्दाले स्थान पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्न पनि टड्कारो रूपमा देखिएको छ ।

बहसपत्रबारे आधारभूत सरोकार

नेपालको संविधान, २०७२ जारी भएको दिन केही राजनीतिक दलहरूले दीपावली मनाएका थिए भने केही दल र समुदायले जलाएका थिए । यसको अर्थ, राजनीतिक सम्झौताका आधारमा संविधान जारी भए पनि असन्तुष्टि कायमै थियो । ती असन्तुष्टिलाई सम्बोधन गर्न र संविधान कार्यान्वयनको एक दशकको समीक्षा गरी संविधानलाई अझ समयसापेक्ष र प्रगतिशील बनाउन संविधान संशोधन आवश्यक छ । हुन त जेन–जी विद्रोहअघिको एमाले र कांग्रेसबीचको गठबन्धन सरकार बन्ने सम्झौता हुँदा संविधान संशोधनलाई मुख्य एजेन्डा बनाएका थिए तर संविधान संशोधनको आवश्यकता, औचित्य र आधारबारे कुनै छलफलसमेत गरेनन् । शाह नेतृत्वको सरकारले संविधान संशोधनका लागि बहसपत्र तयार पारेर काम सुरु गरेपछि भने संविधान संशोधनले औचित्य स्थापित गर्ने देखिएको छ । तर, यसरी बहसपत्र तयार पार्दा केही आधारभूत सरोकारलाई ध्यान दिन आवश्यक छ ।

एक, नेपालको संविधान जनताको निकै ठूलो संघर्ष र बलिदानीबाट लेखिएको दस्तावेज हो । नेपालमा सामन्ती राजतन्त्रको अन्त्यमार्फत गणतन्त्रलाई स्थापना गर्न, एकात्मक र केन्द्रीकृत शासन प्रणालीको रूपान्तरण गरी संघीयतामा प्रवेश गर्न, निश्चित जातजाति, लिंग र वर्गको एकाधिकारसहितको राज्य व्यवस्थालाई समावेशी बनाउन विगतमा भएका राजनीतिक–सामाजिक संघर्षको जगमा जनताकै प्रतिनिधिले संविधानसभामार्फत यो संविधान जारी गरेका हुन् । ती ऐतिहासिक क्रान्ति, संघर्ष र आन्दोलनको स्पिरिटलाई संविधान संशोधन बहसपत्रले सम्बोधन गर्नै पर्छ । राज्य पुनःसंरचनामार्फत सामाजिक न्यायसहितको लोकतन्त्र स्थापनाका लागि भएको संघर्षको प्रतिफल अहिलेको संविधान भएका कारणले पनि देशको अग्रगामी रूपान्तरणको एजेन्डामा बहसपत्र केन्द्रित हुनुपर्छ । संसारभरि फैलिएको दक्षिणपन्थी राजनीतिको प्रभाव नेपाली राजनीतिमा पनि छ । त्यसैले संविधान संशोधनको बहसपत्र नेपालको दक्षिणपन्थी राजनीतिलाई वैधता दिने राजनीतिक दस्ताबेज बनाइनु हुँदैन ।

दुई, संविधानको प्रस्तावनामा लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने उल्लेख गरिएको छ । तर, संविधान जारी भएको एक दशकसम्म नेपालका संसदीय राजनीतिक दल वा संसद्मा समाजवादी व्यवस्थाको मोडलबारे कुनै ठोस बहस भएनन् । बरू पुँजीपति, दलाल र बिचौलियाको लुटधन्दालाई वैधानिकता दिने काम राज्यले गर्दै आयो । संविधान संशोधन बहसपत्र निर्माण गर्ने कार्यदलले पनि समाजवादी मोडलबारे कुनै बहस र छलफल गरेको देखिँदैन । सैद्धान्तिक रूपमा देशलाई समाजवादी व्यवस्थातिर लैजाने हो भने समाजवादी व्यवस्थाको मोडलबारे बहस हुनुपर्छ र बहसका निष्कर्ष संविधान संशोधनका एजेन्डा बन्नुपर्छ ।

शासकीय स्वरूप, निर्वाचन प्रणाली वा अन्य जुनसुकै व्यवस्थाको संशोधन नगरिँदा सबै जातजाति, लिंग र समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । तीन, संविधान जारी हुने प्रक्रियादेखि नै विभिन्न राजनीतिक दल र समुदायले असहमति दर्ज गर्दै आइरहेका छन् । संविधान संशोधन बहसपत्रको एउटा महत्वपूर्ण एजेन्डा विगतदेखि संविधानप्रति असमझदारी राख्दै आइरहेका शक्तिको मुद्दा पनि बन्नुपर्छ । विशेषगरी मधेशी, आदिवासी जनजाति, थारु र सीमान्तीकृत समुदायको असन्तुष्टिको मुद्दामा बहस नगरी संविधान संशोधनको बहस अगाडि जान सक्दैन । विगतका असन्तुष्टिका घाउलाई यथावत् राखेर हुने बहस वा संविधान संशोधनको औचित्य हुँदैन । त्यसैले ती असहमति र असन्तुष्टि संविधान संशोधन बहसपत्रको अनिवार्य सर्त हुनुपर्छ ।

चार, संघीय शासन प्रणाली जनताले गरेको दशकौं लामो संघर्षको प्रतिफल हो । तर, नेपालमा संघीयताविरोधी भाष्य निर्माणको शृंखलाले तीव्रता पाइरहेको छ । अझ सत्तारूढ रास्वपा संघीयताप्रति प्रतिबद्ध देखिँदैन । त्यसैले रास्वपासँग संघीय व्यवस्थालाई बलियो र प्रभावकारी बनाउने कुनै दृष्टिकोण देखिँदैन । प्रदेशको स्वायत्तता र अधिकारलाई बलियो बनाउनुको सट्टा प्रदेशसभालाई नै खारेज गर्ने विचार बाहिर आउने गरेका छन् । यसले संघीयताको बहसलाई कमजोर बनाउन सक्ने जोखिम पनि देखिन्छ । संघीय व्यवस्था स्थापनाका लागि संघर्ष गरेका र संविधान जारी हुँदा असहमति राख्ने शक्तिको आवाजलाई बसहपत्रमा समेटिन जरूरी छ । संघीय अभ्यासको प्रभाव र कमजोरीको समीक्षासहित बलियो र सशक्त संघीयतालाई प्रवर्द्धन गर्ने सवाल बहसपत्रको अनिवार्य विषय बन्नुपर्छ । देश कुनै पनि हालतमा संघीयताबाट पछाडि फर्किन सक्दैन र हुँदैन ।

पाँच, समानुपातिक समावेशीकरणको सुनिश्चितता संविधान संशोधन बहसको अर्को महत्वपूर्ण सवाल हो । निश्चित जातजाति र समुदायको एकाधिकारको अन्त्य गरी सबै लिंग, वर्ग र समुदायले आफ्नो अपनत्वसहितको राज्यका लागि महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम आदिले दशकौंसम्म लड्दै आइरहेका छन् । संविधानले समानुपातिक समावेशीकरणको सिद्धान्तलाई स्वीकार गरेको भए पनि उत्पीडित समुदायले खोजेको समानुपातिक समावेशीकरणको अभ्यास हुन सकिरहेको छैन । राज्य सबैको हो, त्यसैले राज्यका सबै अंगमा सबै जातजाति, समुदाय र लिंगको समानुपातिक प्रतिनिधित्व र हिस्सेदारी अनिवार्य हुनुपर्छ । यसका लागि जुनसुकै विधि अपनाइए पनि सीमान्तीकृत समुदायको परिणाममै समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । शासकीय स्वरूप, निर्वाचन प्रणाली वा अन्य जुनसुकै व्यवस्थाको संशोधन नगरिँदा सबै जातजाति, लिंग र समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । उत्पीडित समुदायको यो सम्झौताहीन सर्त हो, जुन बहसपत्रको महत्वपूर्ण एजेन्डा बन्नुपर्छ । उदाहरणका लागि जनप्रतिनिधिमूलक निकाय प्रतिनिधिसभा, राष्ट्रिय सभा, प्रदेशसभा र तीनै तहको सरकारका महिला, दलितलगायत सबै उत्पीडित समुदायको अनिवार्य समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने सवाल बहसपत्रमा समेटिनुपर्छ ।

राज्य समानुपातिक समावेशी सिद्धान्तको बर्खिलापमा उभिँदै छ । निर्वाचन आयोगले जनप्रतिनिधिको संख्या घटाउन गरेको प्रस्ताव समानुपातिक समावेशी प्रतिनिधित्वको खिलाफमा छ भने स्थानीय तहमा दलित तथा महिलाको प्रतिनिधित्वलाई खुम्च्याउने नियतसहित आएको देखिन्छ । यस्ता समावेशीविरोधी नियतको प्रतिवाद गर्ने र समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने एजेन्डा बसहपत्रको अनिवार्य सवाल बन्नैपर्छ । यति मात्रै होइन, नेपालको निजामती प्रशासन, न्यायपालिका र कानुन कार्यान्वयन गर्ने समग्र संरचनालाई नै पूर्णरूपमा समानुपातिक समावेशी बनाउने विधि पनि बहसपत्रमा समावेश गरिनुपर्छ ताकि संविधान संशोधन हुँदा यी मुद्दाले प्राथमिकता पाऊन् ।

छ, नेपाल संवैधानिक रूपमा धर्मनिरपेक्षता देश हो । यसको अर्थ राज्यको कुनै धर्म हुँदैन । राज्यका दृष्टिकोणमा सबै धर्म समान हुन्छन् र सबैले स्वतन्त्रतापूर्वक धर्म मान्न पाउँछन् वा नास्तिक हुन पाउँछन् । राज्यको गतिविधि र व्यवहारले नेपालमा धर्मनिरपेक्षताको प्रवर्द्धन गर्नेभन्दा सनातनी हिन्दु धर्मकै प्रवर्द्धन गरिरहेको छ । संविधानमा जसरी धर्मनिरपेक्षताको परिभाषा गरिएको छ, त्यसले हिन्दु राज्यकै प्रवर्द्धनमै योगदान गरिरहेको छ । त्यसैले धर्मनिरपेक्षतालाई संविधान संशोधनको बहसपत्रको एउटा मुद्दाका रूपमा समेटिनुपर्छ ।

सात, राज्य पुनःसंरचना सामाजिक न्यायको सुनिश्चितताका लागि आवश्यक थियो । संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्नुको औचित्य अन्याय, अत्याचार, विभेद र बहिष्करणको अन्त्य गरी न्यायपूर्ण समाज निर्माण गर्ने संवैधानिक आधार तय गर्नु थियो । संविधानमा सामाजिक न्यायको हकको व्यवस्था पनि गरिएको छ । तर, व्यवहारमा जातजाति, लिंग, वर्ग र समुदायका आधारमा हुने बहिष्करण, हिंसा र विभेद कायमै छन् । समाजका गरिब, श्रमजीवी, मजदुर र किसानको आवाजको सुनुवाइ हुने राज्य व्यवस्था निर्माण हुन सकेको छैन । राज्य पुँजीपति, धनीवर्ग, बिचौलिया र दलालकै स्वार्थपूर्तिमा केन्द्रित हुने अभ्यास कायमै छ । त्यसैले समाजका कमजोर वर्ग र समुदायको सामाजिक न्याय सुनिश्चितताको मुद्दालाई संविधान संशोधनको बहसपत्रको एजेन्डा बनाइनुपर्छ ताकि गरिब, श्रमजीवी र मजदुरमाथिको निरन्तर शोषण, दमन र अत्याचारको अन्त्य गर्ने संवैधानिक दायित्व राज्यले पूरा गर्न सकोस् ।

संविधान संशोधन केबल सत्तारूढ दल र संसद्मा प्रतिनिधित्व गर्ने दलको मात्रै सरोकारको विषय होइन । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि योगदान गर्ने समूहसँगको संवाद र परामर्शबिना संविधान संशोधन बहसपत्रले पूर्णता पाउन सक्दैन । जसले यो व्यवस्था ल्याउन सबैभन्दा धेरै संघर्ष गरेका थिए, त्यो शक्तिलाई व्यवस्था बलियो बनाउने जिम्मेवारीबोध पनि बढी नै हुन्छ । त्यसैले यो व्यवस्था ल्याउन संघर्ष गरेको वा नेपालको सामाजिक–राजनीतिक रूपान्तरणका लागि योगदान गर्ने सबै शक्तिसँग सघन छलफल र परामर्शले मात्रै सार्थक बहसपत्र निर्माण हुन सक्छ । संविधान संशोधनका मूलभूत एजेन्डालाई प्रस्ट र बलियो बनाउने हो भने संविधान संशोधन बहसपत्र निर्माणकै क्रममा बृहत् राजनीतिक सम्मेलन आयोजना गरिनुपर्छ, ताकि संशोधनका मूलभूत एजेन्डाबारे बृहत् विमर्श हुन सकोस् ।


नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याउन संघर्ष गर्ने कतिपय राजनीतिक दलहरु अहिले संसद्बाहिर छन् । कतिपय राजनीतिक दलहरु संसदीय व्यवस्थाकै विकल्पका लागि आन्दोलनमा छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका मुख्य हिस्सेदारमध्ये मधेशी, आदिवासी जनजाति, थारु, दलित, मुस्लिमलगायत सीमान्तीकृत समुदायको निकै महत्वपूर्ण भूमिका रहेको थियो । त्यसैले संविधान संशोधनका सन्दर्भमा यी समुदायसँगको परामर्श अनिवार्य हुन आउँछ । यति मात्रै होइन, संविधान निर्माणका क्रममा नेपालका प्राज्ञिक क्षेत्र, बुद्धिजीवी र नागरिक आन्दोलनले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । यस्ता प्रबुद्ध वर्ग र समुदायसँग पनि बहसपत्र निर्माणका क्रममा परामर्श हुन जरूरी छ ।

गत भदौको नवयुवाको आन्दोलनले नेपाली राजनीतिको परिदृष्य फेरिएको छ । सोही आन्दोलनको जगमा निर्वाचनपछि नयाँ सरकार बनेको छ । नवयुवाले चाहेको देश र भविष्यलाई नजरअन्दाज गरेर संविधान संशोधनको बहसले पूर्णता पाउन सक्दैन । त्यसैले नवयुवाभित्रका महिला, आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुस्लिमलगायत समुदायको आवश्यकता र भावनाको प्रतिबिम्ब बहसपत्रले समेट्नुपर्छ । सरकारले गठन गरेको कार्यदलको नेतृत्व रास्वपाले गरेको छ भने संसद्भित्र पनि बलियो उपस्थिति छ । संविधान संशोधन केबल दुईतिहाइको शक्तिको दम्भबाट हुनु हुँदैन । बहुसंख्यक जनताको चाहनालाई केन्द्रमा राखेर निर्णय गरिनुपर्छ । यसका लागि बहसपत्र निर्माणदेखि संविधान संशोधन प्रक्रियामा ऐतिहासिक उत्पीडनमा पारिएका वर्ग, लिंग, क्षेत्र र समुदायको आवाजको प्रतिनिधित्व हुनुपर्छ, ताकि संविधान संशोधनपछि अर्को संघर्ष गर्नुपर्ने बाध्यात्मक अवस्था नआओस् । *- कान्तिपुर*

●●●

संविधान संशोधन केबल दुईतिहाइको शक्तिको दम्भबाट हुनु हुँदैन। बहुसंख्यक जनताको चाहनालाई केन्द्रमा राखेर निर्णय गरिनुपर्छ। यसका लागि बहसपत्र निर्माणदेखि संविधान संशोधन प्रक्रियामा ऐतिहासिक उत्पीडनमा पारिएका वर्ग, लिंग, क्षेत्र र समुदायको आवाजको प्रतिनिधित्व हुनुपर्छ, ताकि संविधान संशोधनपछि अर्को संघर्ष गर्नुपर्ने बाध्यात्मक अवस्था नआओस्।

●●●



# फ्लाई दुबईले २३ सेप्टेम्बरदेखि पोखरामा उडान भर्ने

काठमाडौं । संयुक्त अरब इमिरेट्सको वायुसेवा कम्पनी फ्लाई दुबईले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आउँदो २३ सेप्टेम्बरदेखि दैनिक व्यावसायिक अन्तर्राष्ट्रिय उडान भर्ने भएको छ । कम्पनीले सुरुमा एक महिना पोखरामा उडान भर्ने भएको हो । उडान सुरू गर्नका लागि फ्लाई दुबईका जोखिम व्यवस्थापन हेर्ने उपाध्यक्ष एड्रियन लुकास नेतृत्वको एक टोली एक साताअघि पोखरा आएको थियो । पोखरा आएको प्राविधिक टोलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत स्थलगत निरीक्षणसँगै विमानस्थलका अधिकारीहरु र विमानस्थलको प्राविधिक पक्षसँगै उडान सञ्चालन लागि छलफल गरेको थियो ।




लुकास नेतृत्वको टोलीले विमानस्थलको प्राविधिक टोलीसँग लामो छलफलसँगै धावनमार्ग, विमानस्थलको सुरक्षा प्रणाली, प्राविधिक पूर्वाधार, उडान सञ्चालनका विविध पक्षहरुबारे स्थलगत जानकारी लिएपछि पोखरामा उडान भर्ने निर्णय गरेको थियो । सोही निर्णयपछि उडानको अनुमति पाएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले जानकारी दिए ।

मेयर आचार्यले सबैको लामो प्रयासपछि फ्लाई दुबईले उडान सुरु गर्न लागेको जानकारी दिए । फ्लाई दुबईले सुरुमा एक महिनाका लागि उडान भर्नका लागि अनुमति लिएकोमा यसलाई दिगो रुपमा लैजान पर्यटन व्यवसायी, पोखरेली र कास्कीसँगै आसपासमा बसोबास गर्नेहरु, स्वदेश तथा विदेशमा रहेका नेपालीहरूलाई पोखरा-दुबई रूटबाट यात्रा गरी सुरुको एकमहिने उडानलाई सफल बनाउन आग्रह गरे ।

आचार्यले यो एउटा उडान थपिने विषय मात्र नभएर पोखरालाई अन्तर्राष्ट्रिय पहिचान, पर्यटन प्रवर्द्धन, आर्थिक गतिविधिको विस्तारसँगै काठमाडौंकेन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने ऐतिहासिक अवसरसमेत रहेको बताए । दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापनापछि मध्यपूर्व, युरोप, अफ्रिकालगायतका तीन सयभन्दा धेरै सहरसँग पोखराको पहुँच पुग्ने आचार्यले बताए ।

फ्लाई दुबईले पोखरामा उडान भर्ने भएपछि पोखराका पर्यटन व्यवसायीहरूसमेत उत्साहित भएका छन् । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले लामो प्रयासपछि फ्लाई दुबईले उडान सुरु गर्न लागेकाले यसलाई सफल बनाउन सबैको साथ सहयोग आवश्यक रहेको बताए । उडानले पोखराको मात्र नभएर आसपास र छिमेकी जिल्लालाई फाइदा पुगे बताए । सँगै मध्यपूर्वका देशहरूसँगै विश्वका अन्य देशबाट सिधै पर्यटकहरु पोखरा आउने र यसले गर्दा यस क्षेत्रको आर्थिक क्षेत्र चलायमान हुने श्रेष्ठले बताए ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा) गण्डकीका अध्यक्ष किशोर दाहालले पोखरासँगै आसपासको क्षेत्र मात्र नभएर समग्र देशका लागि खुसीको खबर रहेको बताए । पोखरालाई विश्वबजारसँग सिधा जोड्नका लागि सुरू हुन लागेको उडानले सहयोग गर्ने बताउँदै उडानले पोखरा आउने विदेशी पर्यटकको संख्यासमेत बढ्ने दाहालको भनाइ छ । नेपाल आउने कतिपय विदेशी पर्यटकले सिधै पोखरा आउने चाहना राखे पनि नपाएको अवस्थामा उडानले सिधै पोखरा आउने विदेशी पर्यटकलाई आकर्षित गर्ने र त्यस्ता पर्यटकको आगमनसमेत बढ्ने उनको भनाइ छ ।

फ्लाई दुबई विश्वकै प्रतिष्ठित वायुसेवा कम्पनी इमिरेट्सको भगिनी एयरलाइन्स हो । फ्लाई दुबईले पोखराबाट उडान सुरु गर्नासाथ पोखराको कनेक्टिभिटी सिधै इमिरेट्सको विश्व सञ्जालसँग जोडिने र यस्ले पोखरा विश्वका तीन सयभन्दा बढी प्रमुख सहरहरूसँग सिधा जोडिनेछ । उडानले युरोप, अमेरिका र अफ्रिकाका पर्यटकहरु दुबई हुँदै सिधै सहज रुपमा पोखरा आउन सक्ने र गण्डकी प्रदेशका नागरिकहरूलाई वैदेशिक रोजगारी, व्यवसाय र भ्रमणका लागि काठमाडौं धाउनुपर्ने बाध्यतासमेत अन्त्य हुने दाहालले बताए ।

# आर्थिक विधेयकको विवादबारे अर्थमन्त्रीको प्रस्टीकरण

काठमाडौं । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कानुनले दिएको अधिकार प्रयोग गरेर आर्थिक विधेयकमा संशोधन गरेको प्रस्ट पारेका छन् । बुधबार बिहान अर्थ समिति बैठकमा बोल्दै उनले १५ जेठमा संसद्मा टेबुल भएको आर्थिक विधेयकमा देखिएको भाषागत त्रुटिलाई कर्मचारीको सुझाव लिएर संसद् सचिवालयमार्फत सच्याउन निवेदन दिएको जानकारी दिए ।



आर्थिक विधेयकको दफा १८ ले संशोधन गर्ने अधिकारी दिएकोबारे पनि उनले समिति बैठकलाई जानकारी गराएका थिए । विधेयक देखाउँदै उनले बैठकमा भने, 'यहाँ लेखिएका कुरा कुनै पनि वेला संशोधन गर्न सकिने अधिकार दफा १८ ले दिएको छ । वर्षभरि विभिन्न परिस्थिति आउन सक्छन् । दर घटाउन, बढाउन वा छुट दिन सक्ने व्यवस्था छ ।' विधेयकको दफा १८ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सरकारले आवश्यकताअनुसार यस ऐन तथा अन्य प्रचलित कानुनबमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्ता दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ' भन्ने प्रावधान छ । 'यो सार्वजनिक वित्त व्यवस्थापनको नियमित अभ्यास नै हो,' बैठकमा अर्थमन्त्री वाग्लेले भने ।

१५ जेठमा बजेट घोषणा भएकै दिन संसद्को दोस्रो सेसनमा विधेयक टेबुल भएको तर भोलिपल्ट बिदा भएका कारण १७ जेठमा मन्त्रालय पुग्दा आर्थिक विधेयकमा केही कमजोरी रहेकोबारे छलफल भएको उनले बताए । 'यसपटक के भयो भने १५ गते हामीले संसद्मा विधेयक टेबुल गर्यौं । १६ गते शनिबार बिदा थियो । १७ गते अर्थ मन्त्रालयका कर्मचारी साथीहरूले केही सामान्य भाषागत त्रुटि तथा केही विषयमा थप स्पष्ट पार्नुपर्ने आवश्यकता देखिएको भन्दै मलाई जानकारी गराउनुभयो,' उनले भने, 'कर्मचारीले विधेयकमा भेटिएको त्रुटि सच्याउनुपर्ने सुझाव दिएपछि संसद् सचिवालयको समन्वयमा आर्थिक विधेयकका पानाहरु सच्याएर पठाउने निर्णय गरेको हुँ ।'

विगतमा पनि त्रुटि भेटिएको खण्डमा यसरी नै सच्याउन निवेदन दिने अभ्यास रहेको कर्मचारीहरूले नै जानकारी गराउनुभएको थियो । कर्मचारीसँगको छलफललगत्तै सांसदहरूको हातमा पनि विधेयक नपुगेको हुन सक्ने अनुमानसहित सच्याउन निवेदन दिएको उनले बताए । 'यो सामान्य मानवीय त्रुटि हो कि नियतवश कुनै 'फाउल प्ले' गर्न खोजिएको हो भन्ने कुरा छुट्याएर हेर्नुपर्छ । त्यो कोणबाट हेर्दा, हामीले आइतबार नै यो थाहा पाएपछि मैले स्वयं हस्ताक्षर गरेर विधेयक सच्याउने व्यहोराको चिठी संसद्का महासचिवलाई पठाएको छु,' उनले भने । 'यस मन्त्रालयबाट जेठ १५ गते प्रेषित नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ मा केही त्रुटिहरु देखिएकाले सांसदज्यूहरूलाई उक्त विधेयक उपलब्ध गराउँदा सच्याइएका त्रुटिसहितको एक पाना पनि उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु' भन्ने व्यहोराको पत्र संसद् सचिवालयलाई लेखेको भन्दै उनले पत्रको व्यहोरा नै पढेर समिति बैठकमा सुनाएका थिए ।

## खेलकुद

# विश्वकपमा इरानी समर्थकलाई रंगशालामा प्रतिबन्ध

विश्वकपमा सहभागी इरानविरूद्ध अमेरिका दिनप्रतिदिन कठोर बनिरहेको छ । इरानलाई खेलेकै दिनमा फर्कनुपर्ने नियम जारी गरियो । त्यसपछि रंगशालामित्र इरानी झन्डा लैजान नपाउने भन्यो । अब अमेरिकाले इरानी समर्थकलाई रंगशालाभित्र प्रवेश निषेधको निर्देशन जारी गरेको छ । जसकारण अमेरिका र इरानको राजनीतिक विवाद फुटबल मैदानमा आएको छ ।

सातौंपटक विश्वकपमा सहभागी इरानले समूह चरणका सबै खेल अमेरिकामै खेल्नेछ । इरानले लस एन्जलसमा दुई तथा सियाटलमा एक खेल खेल्नेछ । यी दुई स्थानका रंगशालामा इरानी समर्थकलाई प्रवेश निषेध गरिएको एजेन्सीले जनाएको छ । यद्यपि, फुटबलको सर्वोच्च निकाय फिफाले सहभागी सबै राष्ट्रलाई रंगशालाको क्षमताअनुसार आठ प्रतिशत टिकट वितरण गरेको छ । नियमअनुसार इरान फुटबल संघले समर्थकलाई टिकट बिक्री गरेको छ ।

अमेरिकाको दबाबपछि इरान फुटबल संघले आफ्ना समर्थकलाई टिकट उपलब्ध गराउन नसक्ने जनाएको छ । इरानले आयोजक राष्ट्र अमेरिकाको नीतिका कारण यस्तो निर्णय लिएको बताएको छ । गत फेब्रुअरीदेखि चलेको अमेरिका, इजरायल र इरानबिचको युद्धको प्रभाव विश्वकपमा परेको छ । इरानी फुटबल संघले अमेरिकाले आफूहरूमाथि ठुलो षड्यन्त्र गरेको दाबी गरेको छ । 'अमेरिकाले इरानी समर्थकमाथि षड्यन्त्र गरिरहेको छ । फुटबलको सबैभन्दा ठुलो खेलकुद विश्वकपमा राजनीतिक प्रभाव परेको स्पष्ट छ,' संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ । केही समयअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वकपमा इरानलाई स्वागत गर्न आफू तयार भएको बताएका थिए । तर, उनले विश्वकप सुरु हुन केही दिनअघि आफ्नो पूर्ववत् भनाइ फेरेका छन् ।

# विश्वकपका आधा टिकट अझै बिकेनन्

२३औं संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगिता बिहीबारदेखि सुरू भएको छ । यसपटक अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा विश्वकप आयोजना गरिरहेका छन् । आयोजक तथा फिफाको प्रमुख उद्देश्य उत्कृष्ट प्रतियोगिता आयोजना गर्नुका साथै लाखौं समर्थक रंगशाला आऊन् भन्ने हो । अर्को अर्थमा विश्वकप आयोजनाबाट प्राप्त हुने आम्दानीको धेरै हिस्सा टिकट बिक्रीमा रहेको हुन्छ । यसकारण उनीहरु प्रत्येक खेलमा रंगशाला भरिभराउ भएको हेर्न चाहन्छन् । तर, यसपटक विश्वकपमा यस्तो हुनेछैन । विश्वकप सुरू भइसक्दा पनि शतप्रतिशत टिकट बिक्री भएको छैन । केही समयअघि फिफाले विश्वकपका सबै टिकट बिक्री भएको दाबी गरेको थियो । तर, अहिले बेलायती तथा अमेरिकी समाचार संस्थाहरूले टिकट बिक्री सोचेजस्तो नभएको दाबी गरिरहेका छन् । उनीहरूले फिफाको दाबी समर्थकलाई भ्रम फैलाउनेका रूपमा रहेको जनाएका छन् । न्युयोर्क टाइम्सका अनुसार समग्रमा एक लाख ८० हजार टिकट बिक्रीमा छ ।

गत साता अमेरिकामा भएको एउटा कार्यक्रममा फिफा अध्यक्ष जियानी इन्फान्टिनोले विश्वकपका सबै खेलका टिकट बिक्री भइसकेको बताएका थिए । अनलाइनमा अझै पनि आधाभन्दा बढी खेलका हजारौं टिकट सहजै उपलब्ध छ । सुरुमा फिफाले आधिकारिक रूपमा विश्वकपका टिकट आफ्नै साइटबाट बिक्री हुने जनाएको थियो । तर, फिफाले आफूबाट सबै टिकट बेच्न नसक्दा गोप्य रूपमा अन्य निजी कम्पनीलाई टिकट बिक्रीको अधिकार दिएको छ ।

सहज रूपमा टिकट पाइरहे पनि समर्थकहरु किन्न तयार छैनन् । यसको एउटै कारण हो फिफा र आयोजकले आफूखुसी टिकटको मूल्य बढाएका छन् । विशेषगरी महत्वपूर्ण वा हेमिवेट खेलका टिकटको मूल्य सामान्य छैन । दक्षिण अफ्रिका र मेक्सिकोबिचको उद्घाटन खेलको सामान्य टिकट मूल्य नै दुई हजार २७३ अमेरिकी डलर राखिएको छ । यो केवल एउटा उदाहरण मात्र हो । यसबाहेक समूह चरणमा शीर्ष वरीयता प्राप्तका खेल हेर्न योभन्दा बढी मूल्य तिर्नुपर्छ ।

# सोमालियाका रेफ्री अर्टान विमानस्थलबाटै फर्काइए

सन् २०२५ का अफ्रिकाका उत्कृष्ट रेफ्री घोषित सोमालियाका उमर अब्दुल कादिर अर्टानलाई अमेरिकाको मियामी अन्तर्राष्ट्रिय विमानस्थलबाटै मंगलबार फिर्ता पठाइएको छ । फिफा विश्वकपम खेल सञ्चालन गर्न अमेरिका पुगेका अर्टान मियामी अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएको बिबिसीले जनाएको छ । उनी अहिले टर्कीमा पुगेका छन् । अमेरिकी अध्यागमन विभागले उनलाई रोक्नुको कारण दिएको छैन । तर, राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले सोमालियालगायत केही राष्ट्रहरुमाथि लगाएको 'भ्रमण प्रतिबन्ध'का कारण रेफ्री अर्टान विमानस्थलबाट फर्किन बाध्य भएका हुन् । फिफाले पनि अर्टान अब विश्वकपमा सहभागी हुन नसक्ने जनाएको छ ।

सोमालियाको खेलकुद मन्त्रालय र फुटबल संघले अमेरिकी प्रशासनको कदमप्रति आपत्ति जनाएका छन् । अर्टानले अमेरिका उड्नुअघि सबै वैध कागजात र कूटनीतिक राहदानी प्रयोग गरेको संघले जनाएको छ । सोमाली फुटबल संघले यसबारे फिफासँग स्पष्टिकरण मागेको छ ।

अफ्रिकाकै उत्कृष्ट रेफ्रीलाई मियामीबाट विनाकारण फर्काउँदा सोमालियाका प्रधानमन्त्री हसन अली खैरेले अमेरिकाको निर्णयप्रति निराशा व्यक्त गरेका छन् । उनले विश्वकै एक उत्कृष्ट रेफ्रीले विश्वकप खेलाउन नपाउँदा अफ्रिकी महादेश नै स्तब्ध भएको बताए । 'अफ्रिकाका उत्कृष्ट रेफ्री तथा विश्वकै उत्कृष्ट रेफ्रीमध्ये एक उमर अर्टानले विश्वकपमा खेल सञ्चालन गर्न नपाउने खबरले अत्यन्त दुःखी भएको छु,' सहनले भने, 'अर्टानले आफ्नो प्रतिभा, अथक मिहिनेत, व्यावसायिक प्रतिबद्धता र इमान्दारिताका कारण यो सफलता प्राप्त गरेका हुन् । हामीलाई आशा छ समाधान निस्कने आशा अझै बाँकी छ । अफ्रिका र सम्पूर्ण विश्व तपाईंको साथमा छ ।'

## कर्पोरेट

### ● ग्लोबल आइएमईको अगुवाइमा सुपर तमोर आयोजनामा १९ अर्ब वित्तीय व्यवस्थापन

ग्लोबल आइएमई बैंक लिमिटेडको अगुवाइमा एक सय ६६ मेगावाट क्षमताको सुपर तमोर जलविद्युत् आयोजनाका लागि वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । आयोजनाको प्रवर्द्धक कम्पनी क्रिस्टल पावर डेभलपमेन्ट प्रालि र सहभागी बैंकबिच वित्तीय व्यवस्थापनका लागि सम्झौता भएको हो । सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीसहित सहायक प्रमुख कार्यकारी अधिकृत दीपचन्द्र रेग्मी तथा क्रिस्टल पावरका कार्यकारी प्रमुख कृष्णप्रसाद आचार्यलगायत सहअगुवाइ तथा सहभागी बैंकका प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

कुल २५ अर्ब रूपैयाँ अनुमानित लागत रहेको उक्त आयोजनामा ग्लोबल आइएमईको अगुवाइका साथै सिद्धार्थ बैंक, लक्ष्मी सनराइज बैंक, प्रभु बैंक सहअगुवाइ र कृषि विकास बैंक र नेपाल एसबिआई बैंकको सहभागितामा बनेको कन्सोर्टियमले करिब १९ अर्ब रूपैयाँ लगानी गर्नेछ । यसमध्ये ग्लोबल आइएमईले पाँच अर्ब, सिद्धार्थ र लक्ष्मी सनराइजले चार-चार अर्ब, प्रभुले साढे तीन अर्ब, कृषि विकासले डेढ अर्ब तथा एसबिआई बैंकले एक अर्ब लगानी गर्ने बताइएको छ ।

ग्लोबल आइएमईका सिइओ रेग्मीले उक्त आयोजना निर्धारित समयसीमाभित्र सम्पन्न हुने बताए । यसबाट राज्यको ऊर्जा उत्पादन क्षमतामा वृद्धि हुने र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास बैंकको रहेको छ । ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकास्थित तमोर नदीमा निर्माण हुने एक सय ६६ मेगावाट क्षमताको जलविद्युत् आयोजनाको अनुमानित लागत २५ अर्ब रूपैयाँ छ । सम्झौताअनुसार बैंकले ७५ प्रतिशत लगानी गर्नेछन् भने बाँकी २५ प्रतिशत रकम संस्थापक तथा अन्य लगानीकर्ताबाट लगानी व्यवस्थापन गरिनेछ ।

### ● कुमारी बैंक र बिएन्डबी अस्पतालबिच सम्झौता

कुमारी बैंक लिमिटेड र बिएन्डबी अस्पताल प्रालि, ग्वार्को ललितपुरबिच छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार अस्पतालबाट प्रदान गरिने सेवाहरु इनप्यासेन्ट, आउटप्यासेन्ट, आकस्मिक सेवा सुविधा तथा औषधिहरूमा कुमारी बैंकका ग्राहकलाई १० प्रतिशतसम्मको विशेष छुट प्रदान गरिनेछ । विगत २५ वर्ष देखि बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका २८६ शाखा सञ्जाल, ३०४ एटिएम, ४१ एक्सटेन्सन काउन्टर तथा ४८ शाखारहित बैंकिङ इकाइहरूमार्फत सेवा दिँदै आएको छ ।

### ● नबिल बैंकद्वारा नेपाल-भारत क्रसबोर्डर पी-टु-पी रेमिट्यान्स सेवा सुरु

नबिल बैंकले नेपाल-भारत-नेपाल क्रसबोर्डर पर्सन-टु-पर्सन (पी-टु-पी) रेमिट्यान्स सेवा सुरू गरेको छ । यस सेवामार्फत ग्राहकहरूले नेपाल र भारतबिच सुरक्षित डिजिटल माध्यमबाट तत्काल पैसा पठाउन र प्राप्त गर्न सक्नेछन् । यस सेवाअन्तर्गत नबिल बैंकमा खाता भएका भारतीय नागरिकहरूले अब आफ्नो मोबाइल बैंकिङ एप एनबैंक प्रयोग गरी भारतमा तत्काल पैसा पठाउन सक्नेछन् । त्यस्तै, नेपाली तथा भारतीय दुवै नागरिकहरूले नेपालमा रहेका नबिल बैंक प्रयोगकर्ताहरूलाई रकम पठाउन सक्ने व्यवस्था गरिएको छ ।

बैंकका अनुसार यो सेवा दुवै देशका ग्राहकका लागि सीमापार भुक्तानीलाई सरल, सुरक्षित र सहज बनाउन डिजाइन गरिएको हो । 'यो सेवा सीमापार भुक्तानीलाई छिटो र सहज बनाउने दिशामा महत्वपूर्ण कदम हो । यसले नेपाल र भारत दुवै देशमा डिजिटल बैंकिङ सेवा सुधार गर्ने तथा ग्राहक सुविधालाई विस्तार गर्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ,' नबिलका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले भने । बैंकले सेवाको प्रयोगमा नियामकीय व्यवस्था र सहजता दुवैलाई ध्यानमा राख्दै सीमा तोकेको छ । नेपालबाट भारततर्फ रकम पठाउँदा ग्राहकले दैनिक अधिकतम भारू १५ हजार र मासिक अधिकतम भारू एक लाखसम्म पठाउन सक्नेछन् । त्यस्तै, भारतबाट नेपालतर्फ दैनिक अधिकतम भारू दुई लाखसम्म रकम पठाउन सकिनेछ भने मासिक सीमा लागू हुनेछैन । यो सेवा नेपालमा नेपाल क्लियरिङ हाउस लिमिटेड र भारतमा युनिफाइड पेमेन्ट्स इन्टरफेसको सहकार्यमा सञ्चालन गरिएको हो, जसले दुई देशबिच सुरक्षित तथा सहज डिजिटल लेनदेन सुनिश्चित गर्नेछ ।

### ● भाटभटेनी-ग्लोबलबिच सहकार्य

ग्लोबल आइएमई बैंक र भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्ट स्टोरबिच सहकार्य भएको छ । बैंकका ग्राहकलाई भाटभटेनीका सबै स्टोरबाट सामान खरिद गर्दा शून्य प्रतिशत ब्याजदरमा अन-द-फ्लाई इएमआई सुविधा प्रदान गर्ने द्विपक्षीय सम्झौता भएको हो । सम्झौताबमोजिम बैंकका क्रेडिट कार्ड प्रयोगकर्ताले न्यूनतम १५ हजार रूपैयाँ वा सोभन्दा बढीको खरिदमा तत्काल किस्ताबन्दी सुविधा पाउनेछन् । यसका लागि कुनै अतिरिक्त कागजी प्रक्रिया आवश्यक नपर्ने बैंकले जनाएको छ । ग्राहकले आफूलाई अनुकूल हुने गरी तीन ६, नौ १२ वा १८ महिनासम्मको अवधि छनोट गरी रकम भुक्तानी गर्न सक्नेछन् । यस किस्ताबन्दी योजनामा ग्राहकलाई कुनै पनि ब्याज वा प्रोसेसिङ शुल्क लाग्नेछैन ।

### ● बालक्ष्य डेभलपमेन्टलाई आइएमई लाइफको तीन लाख सहयोग

आइएमई लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बालक्ष्य डेभलपमेन्ट एन्ड केयर प्रालिलाई आर्थिक सहयोग गरेको छ । कम्पनीले बालक्ष्य डेभलपमेन्टलाई तीन लाख रूपैयाँ सहयोग गरेको हो ।

उक्त सहयोग न्युरो डेभलपमेन्टल डिसअर्डरबाट प्रभावित बालबालिकाको उपचार तथा पुनर्स्थापना सेवाका लागि उपयोग गरिने बताइएको छ । प्रभावित बालबालिकाले आवश्यक थेरापी तथा विशेष हेरचाह सेवा प्राप्त गर्नेछन् । यस्तो समस्याबाट प्रभावित बालबालिकालाई समयमै आवश्यक उपचार तथा थेरापी उपलब्ध गराउन सके उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ ।

यस सहयोगले आर्थिक अभावका कारण उपचारमा कठिनाइ भोगिरहेका परिवारलाई राहत पुग्ने अपेक्षा कम्पनीको छ । संस्थाको विशेषज्ञता र आइएमई लाइफ इन्स्योरेन्सको सामाजिक प्रतिबद्धताले बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । आइएमई लाइफले स्वास्थ्य, शिक्षा, वित्तीय साक्षरता तथा सामाजिक उत्थानका क्षेत्रमा निरन्तर योगदान गर्दै आएको छ ।

### ● एनएमबि बैंकको नेपाल-भारत पैसा पठाउने क्रस-बोर्डर सेवा सुरु

एनएमबि बैंकले नेपाल-भारत सजिलै र तत्कालै पैसा पठाउन मिल्ने इन्डो-नेपाल पी-टू-पी रेमिट्यान्स सेवा सुरू गरेको छ । नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)सँगको सहकार्यमा सुरू गरिएको यस सेवाले अब भारतबाट नेपालमा र नेपालबाट भारतमा पैसा पठाउन र पाउन सहज हुने बताइएको छ ।

क्रस-बोर्डर सेवासँगै ग्राहकले परम्परागत झन्झट र ढिलाइबाट मुक्ति पाउनेछन् । भारतबाट पैसा पठाउनासाथ एनएमबि बैंकमा रहेको ग्राहकको खातामा तुरुन्तै आइपुग्ने बैंकले जनाएको छ । 'पैसा पाउन र पठाउन अब आफ्नो लामो बैंक खाता नम्बर अरूलाई सेयर गरिरहनुपर्ने झन्झटसमेत हुनेछैन,' बैंकले भनेको छ । यो प्रविधिले ग्राहकको सुरक्षाका लागि सजिलो र छुट्टै भर्चुअल ठेगाना (भिपिए) बनाइदिने र सोही ठेगानामार्फत सजिलै पैसा पाउन-पठाउन सकिने बताइएको छ ।

बैंकका अनुसार ग्राहकले आफ्नो मोबाइल बैंकिङ एप वा बैंकको वेबसाइटबाट आफैँ यो सेवा प्रयोग गर्न सक्नेछन् । घरखर्च वा व्यक्तिगत कामका लागि भारतबाट पैसा मगाउँदा आवश्यकताअनुसार रकम प्राप्त गर्न थप सहज हुने भएको छ । ग्राहकको मिहिनेतको कमाइ पूर्ण रूपमा सुरक्षित होस् र सही ठाउँमा पुगोस् भन्नका लागि बैंकको आन्तरिक प्रणालीले यसको निरन्तर निगरानी र सुरक्षासमेत गर्ने बताइएको छ ।

### ● ज्योति विकास बैंकद्वारा ११ स्वास्थ्य केन्द्रलाई बेबी वार्मर मेसिन हस्तान्तरण

ज्योति विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत आर्थिक वर्ष ०८२/८३ मा देशका विभिन्न ग्रामीण तथा दुर्गम क्षेत्रका ११ वटा स्वास्थ्य केन्द्रलाई बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ । नवजात शिशुहरूको शारीरिक तापक्रम सन्तुलित राख्दै हाइपोथर्मिया (अल्पताप)को जोखिम न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने यी जीवनरक्षक उपकरणहरु आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक चिकित्सा पूर्वाधारको अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखी वितरण गरिएको बैंकले जनाएको छ ।

सुरक्षित प्रसूति सेवाको पहुँच दुर्गम क्षेत्रसम्म विस्तार गर्ने उद्देश्यसहित बैंकले आफ्ना शाखा नभएका स्थानहरूमा समेत यस्ता अत्यावश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउँदै आएको छ । विशेषगरी अस्पताल तथा विशेषज्ञ स्वास्थ्य सेवाको सहज पहुँच नभएका र नवजात शिशुहरूलाई आवश्यक उपचार सुविधा अभाव भएका क्षेत्रहरूलाई प्राथमिकतामा राखेर सहयोग गरिएको बैंकको भनाइ छ । उपकरण हस्तान्तरण कार्यक्रममा सम्बन्धित स्वास्थ्य चौकीका पदाधिकारी, स्थानीय सरोकारवाला तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । सो अवसरमा अस्पतालका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरूलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिमसमेत प्रदान गरिएको थियो ।

यस आर्थिक वर्ष बैंकले पाँचथरको एकतिन हेल्थ पोस्ट, खोटाङको जनसेवा नगर अस्पताल, अछामको भाटाकाटिया हेल्थ पोस्ट, संखुवासभाको नुम प्राथमिक हेल्थ केयर सेन्टर र सिसुवाखोला हेल्थ पोस्ट, बझाङको कालुखेती हेल्थ पोस्ट र मष्टा हेल्थ पोस्ट, बाजुराको पुर्मुंता आधारभूत स्वास्थ्य सेवा केन्द्र, पाल्पाको ज्यामिरे हेल्थ पोस्ट, रोल्पाको लिवाङ हेल्थ पोस्ट तथा मकवानपुरको आमभञ्ज्याङ हेल्थ पोस्टलाई बेबी वार्मर मेसिन उपलब्ध गराएको हो ।

परियोजनामार्फत बैंकले हालसम्म देशभर ७३ वटा बेबी वार्मर मेसिन प्रदान गरिसकेको जनाएको छ ।

### ● नेपाल टेलिकमको एनटिटिभीमा ९९९ रुपैयाँमै फिफा विश्वकप हेर्न सकिने

नेपाल टेलिकमले फिफा विश्वकप २०२६ लाई लक्षित गर्दै 'फिफा वर्ल्डकप २०२६ टिभी प्याकेज' सार्वजनिक गरेको छ । नेपाल टेलिकमका आइपी टिभी ग्राहकहरूले ९९९ रूपैयाँमा सो प्याकेज खरिद गरी विश्वकपका रोमाञ्चक खेलहरूको प्रत्यक्ष प्रसारण हेर्न सक्नेछन् । एनटिटिभी ग्राहकहरूले आफ्नो टेलिभिजन सेटमार्फत हिमालय स्पोर्ट्स् च्यानल छनोट गर्नासाथ स्क्रिनमा एउटा छुट्टै इन्ट्री स्क्रिन प्राप्त हुनेछ । उक्त स्क्रिनमा नेपाल टेलिकमको प्रिपेड वा पोस्टपेड मोबाइल नम्बर राखेपछि ओटिपी प्राप्त हुनेछ । सो ओटिपी टिभी स्क्रिनमा इन्टर गरेपछि ग्राहकको मोबाइल ब्यालेन्सबाट ९९९ रुपैयाँ कट्टा भई प्याकेज तुरुन्त नियमित हुने टेलिकमले जनाएको छ । साथै, नजिकको नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रबाट पनि उक्त प्याकेज सक्रिय गर्न सकिनेछ । जेठ २६ देखि साउन ३ सम्म वार्षिक १०० एमबिपिएस वा सोभन्दा बढी गतिको इन्टरनेट विथ प्रिमियम आइपी टिभी प्याकेज नयाँ जडान गर्ने, नवीकरण गर्ने वा १०० एमबिपिएसभन्दा मुनिको प्याकेजबाट १०० एमबिपिएस वा सोभन्दा माथिको प्याकेजमा अपग्रेड हुने ग्राहकहरूले फिफा वर्ल्डकप २०२६ टिभी प्याकेज बोनसको रूपमा निःशुल्क प्राप्त गर्नेछन् ।

### ● नबिल बैंक र धुलिखेल अस्पतालबिच स्वास्थ्य तथा पुनर्स्थापना सेवा सुदृढ गर्न रणनीतिक साझेदारी

नबिल बैंक लिमिटेड र धुलिखेल अस्पतालबिच अत्यावश्यक स्वास्थ्य सेवा सुदृढीकरण एवं पुनर्थापना सेवाका लागि रणनीतिक साझेदारीसम्बन्धी आशयपत्रमा हस्ताक्षर भएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवाली र धुलिखेल अस्पतालका प्रशासनिक निर्देशक डा. विराजमान कर्माचार्यले सोमबार उक्त पत्रमा हस्ताक्षर गरेका हुन् ।

रणनीतिक साझेदारीअन्तर्गत नबिल बैंकले नेपालभरि जलनका बिरामीहरूको सघन उपचार, कृत्रिम अंग जडान र डायलासिस सेवा विस्तार गर्न धुलिखेल अस्पताललाई ६ करोड रूपैयाँबराबरको आर्थिक सहयोग प्रदान गरेको छ । सम्झौताअनुसार धुलिखेल अस्पतालमा १० शय्याको सघन जलन उपचार कक्ष स्थापना गरिनेछ र अस्पताल व्यवस्थापनको नेतृत्वमा अन्य प्रदेशहरूमा पनि यस्तै सुविधाहरु विस्तार गरिनेछ ।

### ● सिटिजन्सद्वारा १५ सय वृक्षारोपण

सिटिजन्स बैंक इन्टरनेसनलले विश्व वातावरण दिवस २०२६ का अवसरमा देशभर १५ सय बिरूवा रोपेको छ । बढ्दो जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बिरुवा रोपेको हो ।

बैंकका अनुसार शनिबार चौकीडाँडा पर्यटकीय पार्क, बुढानीलकण्ठ, काठमाडौंमा वृक्षारोपण गरेको छ । बुढानीलकण्ठको चौकीडाँडा पर्यटकीय पार्कमा विभिन्न प्रजातिका करिब अढाई सय बिरूवा रोपिएको बताइएको छ । यसबाहेक मधेशमा अढाई सय र कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा दुई-दुई सय बिरूवा रोपिएको बैंकले जानकारी दिएको छ । वृक्षारोपण कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेललगायत बैंकका कर्मचारीको सहभागिता थियो । बैंकले यसअघि नै देशका विभिन्न स्थानमा स्वास्थ शिविर सञ्चालन एवं सामुदायिक विद्यालयमा सहयोगसमेत गरिसकेको बताइएको छ ।

### ● आइएमई लाइफको मूल्यांकन केयर-एनपी ए माइनसमा स्तरोन्नति

आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको इस्युअर रेटिङ स्तरोन्नति भएको छ । कम्पनीलाई केयर रेटिङ नेपालले केयर एनपी बिबिबी प्लसबाट स्तरोन्नति गर्दै केयर एनपी ए माइनस प्रदान गरेको हो । यो स्तरोन्नतिलाई कम्पनीको सुदृढ वित्तीय अवस्था, प्रभावकारी जोखिम व्यवस्थापन, सुधारोन्मुख व्यावसायिक कार्यसम्पादन, सुशासनप्रतिको प्रतिबद्धता तथा बिमित एवं सरोकारवालाप्रति विश्वास गर्न सफल भएको प्रमाणका रूपमा लिइएको बताइएको छ ।

केयर एनपी ए माइनस मूल्यांकनले कम्पनीको वित्तीय दायित्व समयमै पूरा गर्ने पर्याप्त क्षमता रहेको तथा अघिल्लो मूल्यांकनको तुलनामा अझ उत्कृष्ट संस्थाका रूपमा स्थापित भएको संकेत गर्छ ।

### ● दृष्टिविहीनलाई कामना सेवा विकास बैंकले दियो सेतो छडी

कामना सेवा विकास बैंकले दृष्टिविहीन तथा आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा पछाडि परिएका समुदायमा २५ थान सेतो छडी (ह्वाइट केन) वितरण गरेको छ । बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत सर्वोदय परियोजनासँगको सहकार्यमा यो सहयोग गरेको हो । बैंकका ब्रान्डिङ तथा सिएसआर प्रमुख सुशील पौडेलले दृष्टिविहीन व्यक्तिलाई सेतो छडी वितरण गरेका हुन् । दृष्टिविहीनहरूको स्वतन्त्र, सुरक्षित तथा सम्मानजनक आवागमनमा सहयोग पुर्‍याउने उद्देश्यले छडी वितरण गरिएको पौडेलले बताए । दृष्टिविहीनका लागि सेतो छडी हिँडडुल गर्ने साधन मात्र नभई आत्मनिर्भरता, सुरक्षा र आत्मविश्वासको महत्वपूर्ण आधार हो । आर्थिक रूपमा कमजोर तथा अवसरबाट वञ्चित समुदायका दृष्टिविहीनलाई यस्तो सहयोगले दैनिक जीवनलाई सहज बनाउन तथा समाजमा सक्रिय सहभागिता जनाउन महत्वपूर्ण योगदान पुर्‍याउने बैंकको विश्वास छ ।

### ● रिलायन्स स्पिनिङ मिल्स र शिवम् प्लास्टिक सम्मानित

नेपाल उद्योग परिसंघले दुई अग्रणी कम्पनी रिलायन्स स्पिनिङ मिल्स लिमिटेड र शिवम् प्लास्टिक इन्डस्ट्रिजलाई सम्मान गरेको छ । निकासी व्यापारमार्फत नेपालको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै परिसंघले आफ्नो २३औं वार्षिक साधारणसभाको अवसरमा कदरपत्रसहित उक्त सम्मान गरेको हो । यी दुवै गोल्यान ग्रुपअन्तर्गतका कम्पनी हुन् । रिलायन्स नेपालमा धागो उत्पादन गरी निर्यात गर्ने कम्पनी हो भने शिवम् प्लास्टिकले पोलिप्रोलिन ओभन फ्याब्रिक उत्पादन गर्दै आएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा रिलायन्स स्पिनिङ मिल्सका निर्देशक शशिकान्त अग्रवाल, प्रमुख वित्त अधिकृत अनिल सोमानी, शिवम् प्लास्टिकका विशाल थापालगायत उपस्थित थिए ।

## यसकारण...

हटाइयो । सर्वोच्च अदालतमा वरियताक्रम मिचेर प्रधानन्यायाधिश नियुक्त गरियो । आफ्नो स्वार्थ अध्योदशबाट पूरा गरिसकेपछि राष्ट्रिय सभाबाट अध्यादेश स्वीकृत हुन सक्दैन भन्ने मनसाय राखेर नयाँ विधेयक नै लैजाने सोच राख्नु आफैंमा षड्यन्त्रकारी सोच हो ।

के रास्वपा र बालेन सरकारलाई थाहा थिएन राष्ट्रिय सभामा रास्वपाको उपस्थिति छैन भनेर ? संसदको पहिलो बैठकमा पेश भएका अध्यादेशहरु ६० दिनभित्र कुनै निर्णय नभएको खण्डमा स्वतः निष्क्रिय हुन्छन् । त्यसैले अध्यादेशलाई सरकारले कुनै प्रक्रियामा लगेन भने असार २६ सबै अध्योदशहरु स्वत निष्क्रिय हुन्छन् । प्रतिनिधिसभामा झण्डै दुई तिहाईको मत रहेकोले गर्दा बालेन सरकार विपक्षी दलहरुलाई पेलेरै अघि बढ्ने सौंचमा रहेको भएपनि राष्ट्रियसभामा उसको प्रतिनिधित्व नभएकोले गर्दा राष्ट्रियसभाबाट बजेट पारित गराउनुको लागि सरकारलाई फलामको च्यूरा चपाउनु सरह भएको छ ।

संसदको दुवै सदनबाट अनिवार्य रुपमा बजेट पारित गराउनुपर्ने दवावमा सरकार रहेको छ । प्रतिनिधिसभामा झण्डै दुई तिहाई मत रहेकोले गर्दा सरकारलाई अध्योदश र विधेयकहरु अघि बढाउन खासै समस्या देखिँदैन । तर राष्ट्रियसभामा रास्वपाको उपस्थिति शून्य भएकाले विपक्षी दलहरुले राष्ट्रिय सभामा अध्यादेश अस्वीकृत गर्ने प्रस्ताव दर्ता गरिसकेका छन् । यसै कारणले गर्दा सरकार अध्यादेश अघि बढाउन चाहिरहेका छैन ।

अध्यादेश अस्वीकृत भएपनि त्यो अध्यादेशबाट भएका काम कारबाहीहरु भने वैधानिक हुने भएकाले सरकारले आफ्नो स्वार्थ पूरा गर्नको लागिमात्र अध्यादेश ल्याएको प्रष्ट हुन्छ । विधेयकमा भने राष्ट्रियसभाले दिएको संशोधनको सुझावलाई ग्रहण नगरि एक्लै अघि बढ्न सक्ने भएकाले रास्वपा र बालेन सरकारले राष्ट्रियसभालाई पेन्डुलम बनाएर प्रतिनिधिसभाबाटै विधेयक पारित गराएर अघि बढ्ने रणनीति लिएको छ । रास्वपा विपक्षी दलहरुको सुझाव सुन्न र उनीहरुसँग सहयोग माग्न तयार देखिएको छैन भने प्रधानमन्त्री बालेन त विपक्षीका भनाई सुन्न समेत तयार देखिँदैनन् । त्यसैले गर्दा बालेन सरकारको भविष्य कति हो भन्ने अहिले ठोकुवा गर्न सकिने अवस्था देखिँदैन ।

## आफूमाथि...

गर्दै जनताले सुशासनका लागि दिएको मतको अपमान नगर्ने बताए ।

सुशासनको कठोर प्रतिबद्धतासहित आएको दुई महिनामै जनतालाई धोका दिन नसकिने जिकिर गर्दै उनले आफूमाथि औंलो ठड्याउनेहरूलाई पनि नैतिक उचाइ कायम राख्न चुनौती दिए । उनले आफ्नोबारेमा प्रश्न उठाउने सांसदहरूलाई 'तपाईंहरूको पनि काण्डहरु थाहा नभएको हो?' भन्दै प्रश्नसमेत गरे ।

उनले भने, 'मैले सार्वजनिक लेखा समितिमा पनि भनेँ, एक-दुईवटा खोस्टाहरूले २ अर्बको आशंका इत्यादि भनेर लेखे । तर २ अर्ब होइन, २ रुपैयाँको बदमासी वा बेइमानी मबाट भएको छ भने म मन्त्री पद त्यागिदिन्छु । सार्वजनिक जीवन नै त्याग्न पनि म तयार छु । यही नैतिक आँट र यही नैतिक उचाइ मप्रति औंलो ठड्याउने माननीयज्यूहरूलाई पनि प्राप्त होस्, शुभकामना छ । तपाईंका काण्डका बारेमा हामी अनभिज्ञ छैनौं, ती पनि खुल्नेछन् ।'

## संविधान...

निर्वाचन आयोगले दिएको सुझावहरु मध्येको प्रत्येक जिल्लाबाट १/१ जनाको दरले प्रतिनिधि निर्वाचित गर्दा ठुलो जनसंख्या भएका जिल्लाहरु काठमाडौं, मोरङ, झापा, रुपन्देही, जस्ता जिल्लाका बासिन्दाहरुले आफ्ना जनप्रतिनिधिलाई भेट्न र चिन्न सक्ने सम्भावना न्यून हुन्छ । जनसंख्याको आधारमा सांसदहरुको निर्वाचन हुनुपर्छ । मनाङमा पनि १ जना अनि काठमाडौंमा पनि एक जना वा निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तज्यू हरु यो कस्तो सुझाव हो ?

संविधानमा व्यवस्था भएका कतिपय व्यवस्थाहरु अनावश्यक रहेका छन् जस्तै जिल्ला समन्वय समितिको कुनै औचित्य छैन भने वडामा वडाध्यक्ष सहित ३ जनाको व्यवस्था गर्न सकिन्छ । प्रतिनिधिसभाको संख्या घटाएर २ सय ५ मा सिमित गरिनु उपर्युक्त हुनेछ । केही जिल्लाका सांसदको संख्या घटाएर र समानुपातिकतर्फको संख्या घटाउन सकिन्छ जस्तै काठमाडौं जिल्लामा प्रत्यक्ष निर्वाचित १०, प्रत्येक निर्वाचन क्षेत्रबाट प्रदेश सांसदहरु २ जनाका दरले २० गरी ३० हुने र राष्ट्रियसभा र समानुपातिक गरी ४० जना भन्दा बढी सांसद रहेकोले त्यो संख्यालाई घटाएर प्रत्येक निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सांसद १ र प्रदेशसभमा १ जनाको व्यवस्था गर्नु उपर्युक्त हुनेछ । समानुपातिकतर्फको संख्या घटाएर ५० मा सिमित गरएको खण्डमा त्यो नै उचित विकल्प हुन सक्छ । सांसदहरु भनेको नीति निर्माण गर्ने भएकाले उनीहरुलाई नीति निर्माण गर्न जिम्मेवारी दिने र मन्त्री नबनाउने व्यवस्था संविधानमै गरिनु उपर्युक्त हुनेछ ।

सांसद नभएको व्यक्ति पनि मन्त्री बन्न सक्ने र प्रधानमन्त्रीले चाहेसम्म ऊ पदमुक्त नहुने अर्थात अहिले संविधानमा ६ महिनासम्म भनिएकाले त्यसलाई हटाउने र सम्बन्धित क्षेत्रको विज्ञहरुलाई मात्र मन्त्री बनाउने प्रदेशसभामा मन्त्रालयको संख्या ६ देखि ८ मा सिमित गर्ने र १० जनाभन्दा बढी मन्त्री बनाउन नपाइने व्यवस्था गरिनु उपर्युक्त हुनेछ ।

राष्ट्रिय सभाका अध्यक्ष उपराष्ट्रपतिलाई बनाउने राष्ट्रिय सभा लगायत प्रतिनिधिसभा, प्रदेशसभाको निर्वाचनमा २५ वर्ष उमेर पुगेकाले उम्मेदवार बन्न पाउने तर राष्ट्रिय सभामा ३५ वर्षसम्मको उमेर व्यवस्था गरेर युवावर्गलाई प्रोत्साहन र देश विकासमा सक्रिय सहभागि गराउने व्यवस्था संविधानमै गरिनुपर्दछ । सबै राजनीतिक दलमा २ पटक भन्दा बढी उम्मेदवार बन्न नपाउने र मन्त्रीहरु पनि दुई पटक भन्दा बढी बन्न नपाउने व्यवस्था नै उपर्युक्त विकल्प हुन सक्छ ।

## हामीले...

मुलुकलाई ध्वस्त बनाइयो । सिंहदरबार, सर्वोच्च अदालत,संसदभवन राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवासलगायत राजनीति दलका शिर्ष नेतारूको निवास र प्रहरी कार्यालय, व्यापारिक भवनहरु समेत जलाइयो । तर त्यस कार्यमा सहभागि भएकाहरूलाई कुनै कानुनी कारबाही गरिएन । भाद्र २३ र २४ गते भएको घटनालाई देखाएर रास्वपाले फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको र चैत्र १३ गते रास्वपाका वरिष्ठ नेता बालेन साह प्रधानमन्त्रीमा नियुक्त भए । उनी प्रधानमन्त्रीमा नियुक्त भएकै दिन तत्कालिन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई पक्राउ गरी प्रतिशोध साँध्ने कार्य सुरु गरियो ।

सरकारले जेष्ठ १५ गते बजेट ल्याएको छ । तर सरकारले वैशाख २२ गते आफैंले ल्याएका ८ वटा अध्यादेश संसदबाट पारित गराउने कार्यलाई अघि बढाएको छैन अर्थात ती अध्यादेशबाट पार्टीगत स्वार्थ र बालेनले लिनुपर्ने प्रतिशोधका अधारमा झण्डै १६ सय पदाधिकारीहरुको एकै पटक मुक्त गरिए भने विभिन्न विश्वविद्यालयका पदाधिकारीहरूलाई मुक्त गरियो त्यसैगरी राजदूतहरूलाई फिर्ता बोलाइयो ।

सुकुम्बासीहरु रहेका स्थानमा डोजर चलाइयो । राज्य आतंक नै मच्चाइयो । त्यतिमात्र होइन प्रधानमन्त्रीबाटै संसदको रोष्ट्रममा उभिएर भारतले मात्र होइन नेपालले समेत भारतको भूमि मिचेको छ भन्ने जस्तो गैरजिम्मेवारीपूर्वकका अभिव्यक्ति दिइयो । त्यस विषयमा रास्वपाका सभापति रवि लामिछाने मौत्र रहनुको रहस्य के ?

प्रधानन्त्री रहेका बेला सीमाका बारेमा दुई दुई पटक उच्चस्तरीय बैठक बसेको थिए । सीमा विवादको बैठकमा भारतीय पक्षले नेपालले भारतको सीमा मिचेको छ भनेर आजसम्म भनेको छैन तर नेपालका प्रधानमन्त्रीले भारतको समि मिचेको छ भनेर जनताको प्रतिनिधिबीच बोल्न प्रधानमन्त्रीको गैरजिम्मेवारीपन हो । त्यसैले आफ्नो भूमि मिचेको विषयलाई नजरअन्दाज गरेर आफ्नै देशले भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति दिने प्रधानमन्त्री बालेन साह अब पदमा बसिरहन उचित हुन सक्दैन । यस विषयमा रास्वपा नेतृत्व सम्वेदनशिल हुनुपर्ने आवश्यकता देखिएको छ ।

## सुकुम्बासी...

आफ्नो व्यवस्था कहिले हुन्छ भनेर सोध्दा कोही बोल्न तयार नरहेको सुकुम्बासीहरूले बताएका छन् । घर टहरा भत्काउँदा १० देखि १५ दिनसम्म उचित व्यवस्थापन हुन नसकेको हुनाले सुकुम्बासीहरूले कष्टकर जीवन विताउनु परेको छ ।

प्रधानमन्त्री बालेन साहले १७ गते जेष्ठमा संसदमा बोल्दै ३५ वषसम्म हुन नसकेको व्यवथापन ३५ मिनेटमै नखोज्न सुकुम्बासी र सांसदहरूलाई आग्रह गरेका थिए । उनले सुकुम्बासीहरूलाई जग्गा दिने र बसोबासका लागि समय लाग्ने बताएका थिए । जनताका समस्या साधान गर्ने थलो संसदमै प्रधानमन्त्री साहले अनिश्चित कुरा गरेका हुनाले सुकुम्बासीको व्यवस्थापन अनिश्चित जस्तै भएको छ । सरकारले काठमाडौं, भक्तपुर र काभ्रेमा गरी ७ ठाउँमा होल्डिङ सेन्टर खोलेर सुकुम्बासीलाई राखेको छ । बालाजुस्थित माछापोखरीको लगभग ८४ घरका २ सय ९४, राधास्वामी आश्रम किर्तिपुरमा ६५ घरका ७ सय ७७, भक्तपुरको खरिपाटीको विद्युत प्राधिकरणमा ९९ घरमा ३ सय ५५ जनालाई राखेको छ भने भक्तपुरको बोडेको कृषि विकास बैंकको तालिम केन्द्रमा २४ घरका १ सय ५५, नगरकोटस्थित खानेपानी तालिम केन्द्रमा २१ घरका ८०, बनेपाको रेडक्रस ४४ घरका २ सय ९५ इचंगुनारायण अपार्टमेन्टमा ४७ घरका ७२ जनालाई कष्टकर अवस्थामा राखेको छ । सरकारको तथ्यांक अनुसार हालसम्म ३ सय ८४ घरका १ हजार ४८८ जना होल्डिङ सेन्टरमा राखिएको छ । वर्षाको याममा सरकार आफैंले सुकुम्बासी बस्तीमा डोजर चलाएर सुकुम्बासीलाई कष्टकर जीवन विताउन बाध्य पारेको आरोप सरकारमाथि लागेको छ ।

## प्रधानमन्त्रीमाथि...

संसदको रोष्ट्रममा उभिएर भारतले मात्र होइन नेपालले समेत भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति दिएपछि प्रधानमन्त्री साह विवादको घेरामा परेका छन् । संसदमा बोल्दै उनले लिम्पियाधुरा, कालापानी र लिपुलेकको सम्बन्धमा भारतसँग मात्र होइन बेलायतसँग समेत वार्ता गर्ने र प्रमाण भेटाउने अभिव्यक्ति दिएका थिए । रवि लामिछानेको भारत भ्रमणको बेला भारतले नेपाल भारत सीमाको विवादमा तेस्रो पक्षका संलग्नता अस्वीकार गर्ने उद्घोष गरेको छ । त्यस विषयमा रविले कुनै प्रतिक्रिया जनाएका छैनन् । सरकारका मन्त्रीहरु रास्वपाको विदेश नीति भनेकै सरकारकै नीति हो सरकारले जे निर्णय गर्दछ त्यही नीति रास्वपाको हो भन्ने अभिव्यक्ति दिन थालेका हुनाले त्यसमा समेत विवाद उत्पन्न भएको छ ।

काठमाडौं र दिल्लीबीचमा पछिल्ला घटनाक्रमले द्विपक्षीय सम्बन्ध अन्यौलको चरणमा प्रवेश गरेको जस्तो देखिएको छ । भारतका नेपालका लागि राजदूत नविन श्रीवास्त र प्रधानमन्त्री बालेन साहबीच भेटघाट नहुनु प्रोटोकलको कारण देखाएर भारतीय विदेश सचिव विक्रम मिश्रीलाई भेट्न अस्वीकार गरेको घटनाले प्रधानमन्त्री बालेन साह र भारतबीचको सम्बन्ध ठिक ढँगले अघि बढ्न नसकेको प्रष्ट हुँदा गएको बेला प्रधानमन्त्री साहले गत हप्ता संसदमा नेपाल भारतीचको सीमा विवादका विषयमा दिएका अभिव्यक्तिले परिस्थितिलाई जटिल अवस्थामा पुऱ्याई दिएको हुनाले नै भारतले बालेनको विकल्पमा रविलाई प्रयोग गर्न सक्ने सम्भावना बढेर गएको छ ।

कालापानी, लिम्पियाधुरा र लिपुलेकको लामो समय देखिको विवादको समाधान गर्ने उदेश्यले बालेन सरकारले ब्रिटिस इण्डियाकालका कागजात, नक्सा र अन्य प्रमाण खोज्न बेलायती दुतावासलाई सम्पर्क गरेको घटनाले नेपाल भारत सम्बन्धलाई थप अनिश्चिततातर्फ धकेदिएको छ । यस्तो परिस्थिति रहेका बेला लामिछानेले भाजपा र सरकारबाट पाएको स्वागत र भेटघाट उच्चस्तरीय दक्षिण एसियाकै नेताहरुका लागि विरलै प्राप्त हुन्छ । दुई दिनमै प्रधानमन्त्री मोदी गृहमन्त्री अमित शाह, विदेशमन्त्री एस जयशंकर, प्रधानमन्त्री मोदीका सल्लाहकार अजित डोभल, भारतीय जनता पार्टीका अध्यक्ष नितिन नविन जस्ता शिर्ष अधिकारीहरुसँग भेटघाट हुनु संयोगमात्र होइन । रवि सत्ताधारी पार्टीका समापति हुन् तर मोदीसँगको भेटघाटमा प्रतिनिधिसभाको बैठक जस्तै देखिएकोले भारतमा केही पाक्दै गरेको जस्तो देखिन्छ । त्यही कारणले गर्दा बालेन साहमाथि संकट आएको छ ।

## कारबाही...

विरोध भैरहेको बेला तत्कालिन गृहमन्त्री सुधन गुरुङका बारेमा विवाद उत्पन्न भएकाले र उनी विवादमा फसेकाले उनी मन्त्री भएको २६ दिममा नै राजिनामा दिन बाध्य भएका थिए ।

बालेन साह सरकारले गुरुङका विषयमा प्रश्न उठेकाले अनुसन्धान गर्न पूर्व न्यायाधिशको अध्यक्षतामा समिति गठन गरेको थियो । सो समितिले अनुसन्धान गरी गुरुङको सम्पत्ति लगायत व्यवसायको छानविन गरी गुरुङलाई सफाई दिएको आधारमा प्रधानमन्त्री बालेन साहले उनलाई जेष्ठ २६ गते पुन गृहमन्त्रीमा नियुक्त गरेका छन् । सरकारले छानविन गर्न गठन गरेको आयोगले गुरुङलाई चोख्याएसँगै उनी गृहमन्त्री बनेका हुन् ।

गत चैत्र १३ गते प्रधानमन्त्री बालेन साह नियुक्त भएसँगै उनी शक्तिशाली गृहमन्त्री बनेका थिए । तर उनीमाथि सम्पत्ति विवरण तथा हाल सम्पत्ति शुद्धीकरण मुद्दामा थुनामा रहेका दीपक भट्टसँग जोडिएका समाचारहरु प्रकाशित प्रसारित भएपछि उनले वैशाख ९ गते पदबाट राजिनामा दिएका थिए । गुरुङको राजिनामा पछि सरकारले पूर्वन्यायाधिश अच्युत भण्डारीको संयोजकत्वमा छानविन समिति बनाएको थियो । उक्त छानविन समितिले कुनै कैफियत नभेटिएका रिपोर्ट सरकारलाई बुझाएपछि गुरुङ गृहमन्त्रीमै फर्किएका छन् । तर भण्डारी समितिले सरकारलाई बुझाएको प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरिएको छैन ।

गुरुङलाई चोख्याउनका लागि सरकारले समिति बनाएको आरोप सरकारमाथि लाग्दै आएको छ । उनीमाथि संसदीय छानविन समिति वा अन्य सरकारी सम्वैधानिक संस्थालाई अनुसन्धान गर्न दिनुपर्ने माग प्रतिपक्षी दलहरूले उठाएका भएपनि बहुमतको दम्भमा बालेन सरकारले त्यस्तो मागलाई वेवास्ता गर्दै छानविन समिति बनाएकोले प्रतिपक्षी दलहरूले विरोध गर्दै आएका छन् ।

गुरुङले सुशासन र जवाफदेहिताको माग उठेकोले आफूले राजिनामा दिएको फेसबुकमा लेखेका थिए । तर मानवअधिकार आयोगले भने जेनजी आन्दोलनमा जेनजीहरूको विरोध प्रदर्शन अराजक र हिंसात्मक हुनुको पछाडि गुरुङको भूमिका मुख्य रहेको उल्लेख गर्दै जेष्ठ १३ गते आयोगले प्रतिवेदनको सार सार्वजनिक गर्दै उनीमाथि अनुसन्धान गर्न सिफारिस गरेको छ । भाद्र २३ गते एभरेष्ट होटल अगाडि २०/२५ हजार जनाको भीड करिब १२ बजे हामी नेपाली संस्थाका सुधन गुरुङले भिडको नेतृत्व गरेको आयोगले पुष्टि गरेको छ ।

यसरी गुरुङले भीडको नेतृत्व लिएपश्चात् प्रदर्शनकारीहरु आक्रोशित भई सुरक्षा व्याकिट तोडेर निषेधित क्षेत्रमा प्रवेश गरेपछि सुरक्षाकर्मीसँग मुठभेड भई झडप हुँदा हुलदंगा भएको र त्यसपछि मात्र पानीको फोहोरा, अश्रुग्यास प्रयोग भएको उल्लेख गरिएकोमा त्यसको अनुसन्धान गर्नुको बदला उनैलाई गृहमन्त्री बनाउने भनेको प्रधानमन्त्री बालेनको पोलपनि गुरुङले खोलिदिन्छ भन्ने नै हो भन्ने चर्चा चलेको छ ।

## सुबुम्बासीलाई...

त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल बीमा प्राधिकरण, राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, स्वास्थ्य बीमा बोर्ड र नेपाल राष्ट्र बैंकले आवश्यक तयारी गरेका हुन् ।

हाल काठमाडौं उपत्यकाभित्रका विभिन्न ६ वटा होल्डिङ सेन्टरमा करिब एक हजार चार सय ८८ जना आश्रय लिँदै आएका छन् । जसमध्ये ९५ प्रतिशतभन्दा बढीको डिजिटल लगत संकलन भइसकेको छ । बाँकी रहेका झण्डै पाँच प्रतिशतको पनि विवरण समेटेर सरकारले उपलब्ध गराएको पहिचान कार्ड वा अन्य कुनै आधिकारिक माध्यमबाट पहिचान गरी बीमा प्रक्रियामा सहजीकरण गरिनेछ ।

बीमा कार्यक्रमको सम्पूर्ण लागत तथा प्रिमियम खर्च सरकारले नै बेहोर्नेछ । बीमाका लागि आवश्यक पर्ने प्रिमियम रकमको स्रोत सुनिश्चित भइसकेको छ । सुरुवाती चरणमा काठमाडौं उपत्यकाबाट यो कार्यक्रम सुरु गरेर कम्तीमा १० वर्षसम्म यसलाई निरन्तरता दिने योजना बनाइएको छ । हाल विद्युतीय लगत प्रणालीमा समेटिएकाहरूबाट सुरु हुने यो कार्यक्रम आगामी दिनमा देशभरका अन्य जिल्ला र प्रदेशका भूमिहीनहरूमा समेत विस्तार गर्दै लैजाने सरकारको लक्ष्य छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
- पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार